बेत्रगंगा

(मुखपत्र)

BETRAGANGA



बेत्रगंगा सोसाईटी
बेत्रावती बजार
नुवाकोट

हाम्रो यात्रा

बेत्रगंगा बाल क्लबको रुपमा, २०५३

बेत्रगंगा नवजागरण युनिटको रुपमा, २०५६

बेत्रगंगा सोसाईटीको रुपमा, २०६०

नु.जि.प्र.का.द.नं. ६०५/६०/६१

बैत्रगंगा

(मुखपत्र)

बर्ष १, अंक १, २०६१ ज्येष्ठ

सम्पादक
सुवास आगमन

कार्यकारी सम्पादक
लक्ष्मण डंगोल
सुरज लवट

सहयोगीहरु
इश्वर थापा मगर
दिपेन्द्र श्रेष्ठ
सिजन श्रेष्ठ

बैत्रगंगा सोसाईटी
बेत्रावती बजार
नुवाकोट

प्रकाशक
बेत्रगंगा सोसाईटी
बेत्रावती बजार, नुवाकोट

प्रकाशित संख्या
५०१ प्रति

सर्वाधिकार
प्रकाशकमा

सम्पर्क
बेत्रगंगा सोसाईटी
गेर्खु ९,बेत्रावती बजार,
नुवाकोट
E-mail :- bgsociety2004@yahoo.com

मुद्रण तथा कम्प्युटर डिजाईन
स्वेता अफसेट प्रेस
बालाजु-बाइसधारा, फोन नं. ४३६१२७७

सहयोग
संस्थागत :-रु.१००/-
व्यक्तिगत :-रु.३०/-

बेत्रगंगाको कलम

कला, धर्म, साहित्य र संस्कृति समाजका परिचय हुन् । समाज बिकास हुनु भनेकै यि विविध कोपिलाहरु फक्रनु हो । यही फूलबारीमा एउटा फूल फुलाउने उद्देश्यले केही उत्साही युवा जमातको मिलेमतोमा जन्मियो "बेत्रगंगा सोसाइटी" । २०५३ सालमा "बेत्रगंगा बालक्लब", २०५५ सालमा "बेत्रगंगा नवजागरण युनिट" र २०६० सालमा "बेत्रगंगा सोसाइटी" सम्मको यात्रा गर्दा यसले थुप्रै घुम्तिहरु पार गरीसकेको छ । ०५३ साल देखिको यो यात्राले ०६० कात्तिक १४ गते मात्र औपचारिक मान्यता पाएको हो । यो यात्रालाई औपचारिक रुप दिन आफ्नो स्थान बाट हरपल सक्दो मद्दत गर्नु हुने श्री चतुरमान डंगोल (बेत्रावती), श्री रामहरि पाण्डे (गेर्खुटार), श्री रामबहादुर ओस्ती (बुधसिंह, नुवाकोट), श्री चक्र बहादुर डंगोल (बेत्रावती) विषेश धन्यवादका पात्रहरु हुनुहुन्छ । हामी उहाँहरुले पुऱ्याउनु भएको सहयोगको एक पटक फेरी स्मरण गर्न चाहन्छौं ।

बेत्रावती बहादुरीको निशानी हो, मैत्रीभूमी हो । नेपाल तिब्बतको त्यो लामो कालो फाटोको अन्त्य यहाँ सम्पन्न सन्धि बाट नै भएको थियो । यो मित्रताको मूल हो । आर्य धर्मावलम्वीहरुको पूण्य थलो उत्तरगया धार्मिक आस्थाको पवित्र धरोहर हो । यो पवित्र भूमीमा हुर्केका सबै संग बेत्रावती छ, उत्तरगया छ , अनि प्रतिभा छ । साहित्यको उर्वर फाँटमा विभिन्न प्रतिभाहरु उम्रन सक्छन् । त्यही प्रतिभा प्रस्फुटन गर्न मद्दत पुऱ्याउने उद्देश्यले नै हामीले यो कार्य अगाडि सारेका हौं ।

हामीले यो मुखपत्र २०५५ सालमा भित्तेपत्रिकाको रुपमा प्रकाशित गर्दै आइरहेका थियौं । दु:खको कुरा विविध कारणवश यसले निरन्तरता पाउन सकेन । लामो समयको अन्तरालपछि सम्पुर्ण अग्रजहरुको न्यानो स्नेहले हामीले फेरी एक पटक साहित्यको माध्यमबाट झुल्कने मौका पाएका छौं । बेत्रगंगा सोसाइटीले थुप्रै किसिमका रचनात्मक कार्यहरु गर्दै आएको सर्वबिबिध नै छ । २०५६ सालमा प्रथम दशैं रिमझिम साँझमा र २०५८ सालमा दोस्रो दशैं रिमझिम साँझको आयोजना गरीयो । पछि आन्तरीक समस्या अनि देशको शान्ति सुरक्षाको क्षेत्रमा आएको प्रतिकुलताको कारणले यसले निरन्तरता पाउन सकेन । बेत्रावती पुण्य भूमिमा समय समयमा लाग्ने मेला पर्वमा बेत्रगंगाले स्वयम सेवकको रुपमा आफ्नो सहभागिता देखाउँदै आएको छ । संस्थाले औपचारिकता पाएको लगत्तै सोसाइटीका कोषाध्यक्ष दिपेन श्रेष्ठद्वारा लिखित "मौनता" गीत संग्रह प्रकाशित गऱ्यो । यो कार्यको विषयमा पनि हामीलाई सबै क्षेत्र बाट राम्रो प्रतिक्रियाहरु आईरहेका छन् । एकलैले केही पनि गर्न सकिदैन, त्यसैले हामी समाजका सबै पक्षहरु संग हातेमालो गरेर अघि बढ्न चाहन्छौं ।

देश जीर्ण छ । सुत्केरी भएकै दिन विधवा हुन विवश छन् नारीहरु । अपहरणको डरले पराई भूमीमा पसिना बगाउन विवश छन् युवा जमात । नुवाकोटका नेता धनसिंह तामाङको रगत सुक्न नपाउँदै, शान्तिका अग्रदुत बुद्धको गुम्बा उद्‍घाटन गर्न गएका रसुवा जिल्लाका विकास प्रेमी जननेता भिमलाल हिराचन तरवारको निशाना बन्न पुगे । यहाँ भिमलाल मात्र होइन थुप्रै निर्दोश भिमलालहरु काटिएका छन् । यता सरकार पनि त्यती जिम्मेवार देखिदैन । नेपाल अहिले नागरिक बेपत्ता पार्ने राष्ट्रहरुको सूचिमा अग्रणी रुपमा सूचिकृत भैसकेको छ । दिनानुदिन संकासपदको नाममा अधिकांश निर्दोशहरु नै बन्दुकको निशाना बन्न पुगेका छन् । काउलेमा घेवामा गएका पाँच निर्दोष किशोरहरुको मध्यरातमा भएको हत्या पनि कम कारुणिक थिएन । देश हार्ने लडाईं लडेर हामीले कसलाई वीरता देखाउने ? अब नबढाऔं हत्या हिंसालाई । हिंसाले प्रतिहिंसा जन्माउँछ ।

अब देशलाई कथित शहिदको आवश्यकता छैन । कुनै पनि नागरीक बन्दुकको निशाना नबनुन् । जुन शिर्षकमा जसरी मारीए पनि मर्ने उही नेपाली दाजुभाइ हुन्, पुछिने उही चेलीको सिउँदो हो, रसाउने उही स्वयम्भुका आँखाहरु हुन् । यि यस्ता बर्तमानका कारुणिक विषयलाई पनि शब्दमा उतार्ने जमर्को गरेका छौं ।

साहित्य समाजको ऐना हो । ऐनाले झुठो बाल्दैन । यही ऐनामा बेत्रगंगा उतार्ने जमर्को गर्‍यौं हामीहरुले । यो कार्यमा कत्तिको सफलता पाइन्छ यो कुरा यहाँहरुको माया र ममतामा नै निहित छ । सल्लाह, सुझाव अनि गुनासाहरुले नै हाम्रो भोलीको यात्राको मार्गदर्शन गर्ने भएकाले हामी त्यसैको प्रतिक्षारत छौं ।

मुखपत्र प्रकाशनका लागि विभिन्न क्षेत्र बाट अनेक प्रकारले सहयोग गर्नु हुने महानुभावहरु प्रति हामी आभारी छौं । विज्ञापन उपलब्ध गराएर आर्थिक सहयोग गर्नु हुने विज्ञापनदाताहरु, लेखरचना उपलब्ध गराउनु हुने साहित्यानुरागी श्रष्टाहरु र हाम्रो यो कार्यको उच्च मुल्याङकन गर्दै शुभकामना व्यक्त गर्नुहुने क्लब, संस्था, बिद्यालय तथा सम्पुर्ण शुभेच्छुकहरु प्रति कृतज्ञ छौं । कम्प्युटर सेटिङ तथा छपाई कार्य पुरा गरी सहयोग गर्ने स्वेता अफसेट प्रेस, बालाजु बाइसधारा र छोटो समयमा अहोरात्र खटेर व्याकरणीय सफाइमा सहयोग गर्नुहुने साहित्यकार वी.के.पाल्पाली ज्यूलाई धन्यवाद दिन चाहन्छौं ।

अन्तमा समयले अर्को भेट गराउने छ भन्ने आशा लिदै देशमा शिघ्र शान्तिको कामना गर्दछौं । शान्ति , शान्ति , शान्ति ....

LANGTANG FOUNDATION SOCIETY UTTARGAYA

Regd. No.: 291/056/057

G. NEPAL, PH. 413598, 413079
E-mail: [illegible]

Ref. No.

Date: [illegible]

[illegible]

विषय: शुभ-कामना

[illegible]

सचिव

श्री नीलकण्ठ उच्च माध्यमिक विद्यालय

प. सं. :-

च. नं. :-

मिति : २०६१/०२/२२

विषय :- शुभकामना ।

यस वेत्रगंगा सोसाइटी उत्तरगया, नुवाकोटले नव-वर्ष २०६१ सालको प्रारम्भमा प्रथम पटक आफ्नो संस्थाको मुखपत्र प्रकाशन गर्न लागेको खबरले मलाई अत्यन्त हर्षित तुल्याएको छ। विश्वास छ, यो मुखपत्र यस क्षेत्रको प्रतिनिधि आवाज बन्नेछ र यस क्षेत्रका नव प्रतिभाहरूलाई साहित्यिक माध्यम मार्फत प्रस्फुटन गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। अन्त्यमा यस संस्थाको उत्तरोत्तर प्रगति र मुखपत्रको निरन्तरताको हार्दिक कामना गर्दछु।

०२/२२

छत्र बहादुर खड्का

प्रधानाध्यापक

न्यू स्टार क्लब
NEW STAR CLUB

पत्र संख्याः-

चलानी नं.:-

मिति ०६१/२/११

विषय:- "शुभकामना"

अध्यक्ष

उपाध्यक्ष

सचिव

कोषाध्यक्ष

सह-सचिव

सदस्यहरू

श्री ---------------

यस वेत्रगंगा सोसाइटीले नुवाकोट जिल्ला लगायत अन्य जिल्लामा पनि साहित्य कला र संस्कृति प्रति रुचि राख्ने आम पाठकहरूलाई [illegible] पहिलो मुखपत्र प्रकाशन गर्न लागेको खबर पाउँदा मलाई [illegible] खुसी लागेको छ।

यस वेत्रगंगा सोसाइटीले यस जिल्लामा रहेका युवाहरूमा साहित्य, कला र संस्कृति [illegible] लोप हुन गएको [illegible] यस सोसाइटीले लोप हुन नदिन [illegible] भूमिका [illegible] यस वेत्रगंगा सोसाइटीले यस क्षेत्रमा [illegible] सामाजिक र [illegible] अगुवाई भूमिका निर्वाह गर्दै [illegible] यस संस्थाको उत्तरोत्तर प्रगतिको सफलताको कामना गर्दछु।

नरेन्द्र [illegible]

अध्यक्ष

द. नं. २२५
७०

श्री गोसाईकुण्ड युवा क्लब
नुवाकोट, बेत्रावती

प. सं.:-
च. नं.:-

मिति २०६३/४/२८

विषय:- "शुभ-कामना"

श्री बेत्रगंगा सोसाइटी, बेत्रावती नुवाकोट

यस बेत्रगंगा सोसाइटीले विगतका दिनहरु जस्तै कला, साहित्य, खेलकुद, सांस्कृतिक आदी विषयहरुमा उल्लेखनीय योगदान पुर्‍याउँदै आईरहेको छ। यस्तै साहित्यका क्षेत्रमा अगाडि बढेर यस सोसाइटीले "बेत्रगंगा" नामक स्मारिकाको रुपमा पहिलो प्रकाशन गर्न लागेको कुरा सुन्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ।

भोलीका दिनहरुमा पनि यस्तै कला, साहित्य, खेलकुद, स्वास्थ्य, सांस्कृतिक विभिन्न सृजनात्मक र रचनात्मक कार्यहरुलाई निरन्तरता दिने कार्य होस्। भन्ने कुराको अपेक्षा गर्दै प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

धन्यवाद

(पूर्ण प्रसाद डंगोल)
उपाध्यक्ष
श्री गोसाईकुण्ड युवा क्लब
उत्तरगया बेत्रावती
नुवाकोट

विषय सूचि

१)	प्रतापपुर	शिवराम भट्ट	कविता	१
२)	आमा तिमीमा.....	मुकुन्द रिमाल	गीत	२
३)	गजल	अvरोk	गजल	३
४)	केही राम्रो.......	ईश्वरी आचार्य		३
५)	What About You	मणिराम सैंजु	कविता	४
६)	धार्मिक....बेत्रावती	सुवास आगमन	इतिहास	५
७)	गीत	जयन्ती ओझा	गीत	११
८)	Environmental..	अच्युत दाहाल	लेख	१२
९)	नेताज्यूलाई अनुरोध	उदय घिमिरे	कविता	१३
१०)	नेपाल	राजु शर्मा घिमिरे	कविता	१४
११)	केही हाइकु	रेणुका भट्टराई	हाइकु	१५
१२)	हाइकु	बैकुण्ठ भट्ट	हाइकु	१५
१३)	नेपाली भाषा...	शिवराम चालिसे	लेख	१६
१४)	IT Scenario	गुन्जन ढकाल	लेख	१८
१५)	धारा १२७	सुरज आचार्य	कविता	१९
१६)	मुक्तक	श्रेष्ठ जि.बि.	मुक्तक	२०
१७)	सुन्दरी र....		प्रसंग	२१
१८)	लेख्न नहुने कविता	पुरुषोत्तम लम्साल	कविता	२२
१९)	महान विचार	राजन प्र. न्यौपाने	कथा	२३
२०)	Propugn	आशिक डंगोल	कविता	२५
२१)	बाटो	विकाश गुबाजु.	कविता	२६
२२)	Globalisation	बसन्त सिटौला	लेख	२७
२३)	गजब भो	ईश्वर रिजाल	कविता	२८
२४)	जीवन	सन्जीव योन्जन	कविता	२९
२५)	Situation In...	देवराज सापकोटा	लेख	३०
२६)	तिमी	सृजना भट्ट	कविता	३२
२७)	गजल	बाबुराम लामिछाने	गजल	३३
२८)	सोधको शुभारम्भ...	पुरुषोत्तम प्याकुरेल	लेख	३४
२९)	मेरो गाउँ	ईश्वर थापा मगर	कविता	३७
३०)	गीत	नीरलाल श्रेष्ठ	गीत	३८
३१)	के तपाईंले रंग...	सिजन श्रेष्ठ	जानकारी	३९
३२)	पापी ईश्वर	मिलन कुमार डंगोल	कविता	४०
३३)	काल मार्क्स	केशव फुर्याल	लेख	४१
३४)	अध्ययन	कृष्ण प्र. अर्याल	लेख	४२
३५)	पीडा	सुरज लवट	कविता	४३
३६)	मेरो परिचय	सबी श्रेष्ठ	कविता	४४
३७)	ऐनामा आफूलाई...	दिपेन श्रेष्ठ	कविता	४५
३८)	बेचबिखनबाट...	शशी लामिछाने	लेख	४७
३९)	भरिएको खोको...	रन्जना थापा	कविता	४९
४०)	भुल्न सकिन	सुजन डंगोल	गीत	५०
४१)	वास्तविकता	जीवराज निरौला	लघुकथा	५१
४२)	मान्छे	दिपक प्याकुरेल	कविता	५२
४३)	चिनारी			५३
४४)	पत्रपत्रिकाहरुमा बेत्रगंगा सोसाईटी			५४
४५)	... ... र अन्त्यमा	लक्ष्मण डंगोल	लेख	५५
४६)	बेत्रगंगा सोसाईटीको विधान-२०६०			५६
४७)	बेत्रगंगा सोसाईटीको साधारण सदस्यहरुको नामावली			६१

शुभ कामना

साहित्य, कला, संस्कृतिको बिकास र समाज सेवाको भावनाले स्थापित श्री बेत्रगंगा सोसाइटीले प्रकाशित गर्न लागेको मुख पत्र "बेत्रगंगा"लाई प्रगतीको कामना



mayos

Wonderful Mayos Noodles

हिमालय स्न्याक्स एण्ड नुडल्स
तथा
कबिन्द्र मार्केटिङ्ग प्रा.ली
त्रिशुली, नुवाकोट

शुभ कामना

श्री वत्रगंगा सोसाइटीले प्रकाशित गर्न लागेको मुखपत्र "बेत्रगंगा" उत्तरोत्तर प्रगतीको कामना

कैलाश चिया

त्रिपुरा इण्डष्ट्रिज प्रा.लि. हेटौडा
तथा
कालिका मार्केटिङ्ग प्रा.लि.
त्रिशुली, नुवाकोट

खोजेजस्तै
.....रोजेजस्तै
मनको तिर्सना मेटाउने ।

प्रतापपुर

–शिवराम भट्ट

दुखेको मनमा आज क्रुर सन्देश यो दिन,
ज्यूँदै राखेर दुर्भाव स्वयं बुद्ध जल्यौ किन ।

मन्छेको वारुदी यात्रा झन जाग्दै जिउँदै थियो,
छाडी अमृतको प्याला मदिरा पिउँदै थियो ।
यस्तो बेला झन धेरै बुद्ध व्यूँझिनु पर्दथ्यो,
हज्जारौं मन आफैले कब्जामा लिनु पर्दथ्यो ।

मान्छेका सपना हारे हार्दैछन् ती अझै पनि,
आमाको छाती रेटेर मार्दैछन् ती अझैपनि ।
मान्छे हार्दैछ आफैमा शान्ति जन्मनु पर्दथ्यो,
यो बेला बुद्ध एकैले हज्जारौं हुनुपर्दथ्यो ।

बिर्सिएर वनका फूल हावामा लहराउन,
जल्नै बाँकी थियो मान्छे आफै बुद्ध जल्यौ किन ।
मान्छेका क्रुर भाषाले आफै बुद्ध गल्यौ किन,
आगो झोसेर छातीमा स्वयं बुद्ध जल्यौ किन ।

शस्त्र सज्जित मान्छेले निशस्त्र बुद्ध कुल्चियो,
हज्जारौं दिन आँखामा आशाको कण रित्तियो ।
वोधिवृक्ष स्वयं आज बुद्ध भै उठ्नु पर्दथ्यो,
यो बेला त स्वयं बुद्ध युद्ध भै उठ्नु पर्दथ्यो ।

मनकामना-८, अर्चले, नुवाकोट

आमा तिमीमा मेरो प्रण

-मुकुन्द रिमाल (विरही आँशू)

के हेर्छौ तिमी आमाको मुख घुम्टोले छोपेको
उघारी छाती हेरेर मुहार त्या भाला रोपेको

शिरमा छैन सिन्दुरको शोभा मनमा छैन आश
खोसिने हो कहिले थाह छैन आमा बसेको घरबास

खोज्दैछौ खुशी मारेर भाइ आमालाई रुवाई
पाईदैन शान्ति जहाँ गएपनि खुनले नुहाई

हाँस्दिनन् उनी मनाई उत्सव, तिम्रो त्यो खुशीमा
बस्दिनन् उनी बालेर दीप तिम्रो त्यो खुशीमा

हेर्दछौ भने आमा मुहार नमार दाजुभाई
मिलेर बाँच सँगसँगै नाँच तिम्रा ती दाजुभाई

हिलेटोल काठमाडौं

गजल

-अशोक

तिमीले दिएको घातले पोल्यो,
जुनेली यो रातले पोल्यो ॥
रात घात मात्र कहाँ,
नशाको त्यो मातले पोल्यो ॥
न्यानो भन्दै छाम्ने पहिले ,
आज तिनै हातले पोल्यो ॥
नसुन्दा पागल हुन्थे हिजो,
झुठो मीठा बातले पोल्यो ॥
मलाई पीडाको खातले पोल्यो,
बैगुनी तिम्रो जातले पोल्यो ॥

बेत्रावती-१, रसुवा
हाल युनिभर्सल एकाडमी, बसुन्धारा

के राम्रो के नराम्रो

-इश्वरी आचार्य

❖ फाटेको राम्रो	बादल
❖ नफाटेको राम्रो	कपडा, दुध
❖ उठेको राम्रो	जीवन स्थर
❖ नउठेको राम्रो	रिस
❖ छुटेको राम्रो	कुलत
❖ नछुटेको राम्रो	मित्रता, प्रेम
❖ चलेको राम्रो	व्यवहार, वासना
❖ नचलेको राम्रो	हिंसा, युद्ध
❖ फुलेको राम्रो	फूल
❖ नफुलेके राम्रो	कपाल
❖ लागेको राम्रो	घाम
❖ नलागेको राम्रो	नशा

लहरेपौवा-३, बनुवा, रसुवा
हाल महेन्द्र रत्न क्याम्पस, ताहाचल ।

WHAT ABOUT YOU?

-Mani Ram

I saw you in the morning
I love you
I want you
What about you

Heart beat for you
Eyes look for you
Share me your feeling
What about you

All my friends ask me
Your girl friend
I reply them ask to her
What about you.

Diktel-4,Khotang
Bhisho Bhasha Campus

शुभ कामना

साहित्य संस्कृतिको संरक्षण, विकास र समाज सेवाको पवित्र उद्देश्य लिएर स्थापित वेत्रगंगा सोसाइटीले आफ्नो मुखपत्र "वेत्रगंगा"को पहिलो अंक प्रकाशन गर्न लागेको थाहापाउँदा हामी खुशी छौं।

मुखपत्रले सोसाइटीका गतिविधिलाई सबै सामु छर्लङ्ग पार्ने तथा यस क्षेत्रका नवप्रतिभा प्रस्फुटनमा यो एउटा कोषेढुङ्गा बन्ने छ भन्ने विश्वास लिएका छौं । सोसाइटीको यो उदाहरणीय कार्य सफलताको लागि हार्दिक शुभ कामना ।

शिवराम रिजाल
प्रिन्सिपल तथा
उत्तरगया पब्लिक इ.स्कुल
बेत्रावती, नुवाकोट

धार्मिक तथा ऐतिहासिक स्थल

बेत्रावती

-सुवास आगमन

परिचय :

नेपाल सुन्दर, शान्त र विशाल छ। यहाँ आफ्नै मौलिक भाषा रिति रिवाज र संस्कृतिहरु रहेको छ। थुप्रै धार्मिक तिर्थस्थलहरु छन् । पुराण आदि धर्म ग्रन्थहरुमा उल्लेख भएका ठाउँहरु नै अहिले धार्मिक स्थलको रुपमा परिचित छन् । यि स्थानहरुले आफ्नो छुट्टै महत्व बोकेका हुन्छन् । यस्तै धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थल हो बेत्रावती । बेत्रावतीलाई धार्मिक रुपमा उत्तरगयाको नाममा चिनिन्छ । यो बागमती अञ्चलको रसुवा जिल्ला लहरेपौवा गा.वि.स. वडा नं. १ र नुवाकोट जिल्लाको गेर्खु-९ (रसुवा नुवाकोटको सिमाना) मा पर्दछ । राजधानी बाट करीब ३/४ घण्टा को सवारी यात्रा बाट सजिलै पुग्न सकिने बेत्रावती बजार स्वच्छ, सुन्दर र रमणिय छ । अधिकांश नेवारी समुदायको बजार क्षेत्रमा बसोबास रहेको छ भने वरीपरीका क्षेत्रहरुमा ब्राम्हण, क्षेत्री, तामाङ्ग र मगरहरुको बसोबास रहेको छ। बेत्रावती वरीपरीका गाउँ बस्तीको प्रमुख व्यापारीक केन्द्र पनि हो।

नामाकरण

बेत्रावतीको नामाकरणको सम्बन्धमा एउटै किसिमको मत रहेको पाइन्छ । तर शब्द अपभ्रंसको विषयमा भने मतमतान्तर रहेको छ । बुढा पाकाहरु वेदको छडी बाट उत्पन्न वेत्रगंगाको नाम बाट बेत्रावती नाम रहेको बताउँछन् ।पण्डित कैलाशनाथ पौडेलज्यूले आफ्नो ऐतिहासिक कृति "गोशाइकुण्ड देखि देवघाट सम्मको पौराणिक इतिहास" मा - वेत्रगंगाको नाम बाट यस ठाउँको नाम बेत्रामती रह्यो । बेत्रामती भन्दा भन्दै बेत्रावती भनिन थालियो, भन्ने उल्लेख गर्नु भएको छ । शैक्षिक पुञ्ज स्मारिका ने.रा.शि.संघ रसुवामा प्रकाशित, "गोशाइकुण्ड र यसको बहुपक्षिय महत्व" लेखमा - वेदको छडी बाट उत्पत्ति भएका कारण गंगाको नाम वेद गंगा रहेको, यस गंगको नाम बाट ठाउँको नाम वेदवती रहेको र वेदवती अपभ्रंस भइ बेत्रावती नाम रहन गएको अनुमान पनि गर्न सकिन्छ भन्ने लेखिएको छ । (बेत्रावतीको इतिहासको अध्ययनको क्रममा केही अग्रजहरुले राख्नु भएको मतको आधारमा मैले यो कुरा अघि सारेको हुँ ।)

तर अध्ययनकै क्रममा माथि उल्लेखित दुइ तर्कहरु भन्दा यो अझ विश्वशनिय रहेको ठानेको छु । यहाँ-

बेत-ना.(सं.वेत/वेत्र) बाँसका जस्ता पात र आँख्ला हुने, सन्दुक लौरी आदि उपयोगी बस्तु बनाइने एक जातको लहरो ।

वपी-ना.(सं.) सानो जलाशय, कुवा, पनेरो

(दुवै शव्दहरुको अर्थ बृहत् शव्दकाषको आधारमा रहेको छ) । अत :वेत्रको छडी बाट सानो जलाशय उत्पत्ति भएको हुनाले यस क्षेत्रको नाम वेत्रवपि रह्यो । र वेत्रवपि अपभ्रंस हुँदै वेत्रवती र कालान्तरमा बेत्रावती रहेको अनुमान पनि गर्न सकिन्छ । हाल यस नामलाइ बोली चालीमा "वेत्राती"पनि भनिने गरिएको छ। अव भने यसले आफ्नो रुप नफेरोस् ।

धार्मिक पक्ष

धार्मिक बेत्रावतीलाई रुपमा उत्तरगयाको नामले चिनिन्छ । श्रीमद भागवतको हिमबत खण्डमा उत्तरगया को विषयमा प्रस्ट रुपमा लेखिएको छ । विश्व रक्षा गर्ने पवित्र उद्येश्यले भगवान शिवले कालकुट विषको सेवनले औडाह भएर कैलाश कुट बाट गोशाइकुण्ड प्रश्थान गर्दा शुल पर्वतको फेदी -हालको बेत्रावती बजार) मा आइपुगे पछि विषको औडाहले आफुले टेकी हिडेको वेदको लौरो जमिनमा गाड्नु भयो र तप्त गंगा ढुङ्गाको चेपबाट निस्कीन् । जुन नदीलाई आज वेत्रगंगाको नामले चिनिन्छ । यस विषयमा श्रीमद भागवतमा यस्तो लेखिएको छ ।

वेत्रेप्राहणतत्र प्रनि : सृजं जलं शिवम् ।
वेत्रोद्भवा नदी श्रेष्ठा वेत्र गंगेति संस्मृता :।
गंगा तुल्या समुत्सावै देवा सुरार्षिभी : स्तुता :॥

गोशाइकुण्ड महान गरी बग्ने त्रिशुली गंगा बेत्रावतीमा आएपछि वेत्रगंगा र रुद्रगंगा संग मिसिन जान्छ यही त्रिवेणीलाई उत्तरगया पुण्य स्थलको रुपमा चिनिन्छ । "गया गयो गयादित्यौ गायत्रिश्च गदाधर" भन्ने उक्तिले पनि हामी यस क्षेत्रको धार्मिक महत्व बुझ्न सक्छौ । बुढापाकाहरु गया स्नानमा जाँदा त्यहाँ उत्तरगयामा स्नान गरेको छ की छैन भनेर सोध्ने चलन अझै सम्म पनि विद्यमान रहेको बताउँछन् ।

श्राद्धभूमौ गयाध्यात्वा तथादेव गदाधर :।
उभाम्याम् च नमस्तुम्य : तत् श्राद्धम् समारभेत् ॥

उत्तरगयामा त्रिगंगा भएकोले पनि यसको विशेष महत्व रहेको छ । यस त्रिवेणीमा स्नान दानादी कर्मले ब्रम्ह हत्या, गो हत्या, स्त्री हत्या जस्ता भयंकर पापहरु सजिलै संग नाश हुन्छन् भन्ने मानिन्छ र यहाँ जप दान यज्ञ जे गरेपनि उत्तरगयाले सबै अक्षय फल दिन्छ भन्ने विश्वाश गरिन्छ ।

श्री ५ पृथ्वी नारायण शाह बाट पितृ मुक्तिका लागि उत्तरगयामा श्राद्धादि कर्म गरी गोशाइकुण्ड पुगेर फर्कदाँ बेत्रावतीमा रामचन्द्र मन्दिरको स्थापना गरी गुरुज्यू रङ्गनाथ पौडेललाई धैबुङ क्षेत्र गोशाइकुण्ड, कालिका माई र राम मन्दिरमा पूजा आजा सञ्चालनको लागि विर्ता दिइएको कुरा इतिहासमा पढ्न पाईन्छ ।

राम मन्दिरमा जोगी सीताराम पुडासैनीले २०१९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ । अन्य भक्तजनहरुले पनि स्वर्गवासीहरुको स्मृतिमा घण्टहरु चढाउने, वरपिपल सार्ने चलन बढ्दै छ । सोमलाल लवट, शंकरदास डंगोल यो उदाहरणीय कार्य गर्ने नमुना व्यक्तिहरु हुन् । यो मन्दिरमा रहेको सीताको मुर्ति २०४० साल चोरी भएको थियो । हाल सम्म यो मुर्ति पाउन सकिएको छैन र यसको खोजीको विषयमा पनि सम्वन्धित पक्षहरुको उचित ध्यान गएको देखिदैन । स्थानिय मुर्तिकार चित्र बहादुर राना मगरले कुदेको प्रस्थर मुर्ति हराएको मुर्तिको सट्टामा राखिएको छ । भक्तजनहरु हराएको र प्रतिस्थापित मूर्तिको कलात्मक पक्षमा खासै भिन्नता नरहेको बताउँछन् ।

बजार केही भन्दा केही माथि वनदेवीको खुल्ला मन्दिर रहेको छ । यो मन्दिरमा पनि जोगी सीताराम पुडासैनीले २०१९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ । बजार भन्दा केही तल संन्सरी देवीको खुल्ला पुजा स्थल रहेको छ । यहाँ रहेको सिलामा ढ्याङ्ग्रोको छाप छ । त्यसै गरी बजार भन्दा केही माथि वोगटीटारमा सीता देवीको पुजा स्थल रहेको छ । हिन्दु धर्म स्थल मन्दिर, पाटी, पौवा मात्र नभई यहाँ बौद्ध धर्मावलम्वीहरुका लागि सातविसे मा ठूलो बौद्ध स्तुप रहेको छ । यहाँ तिन टन गह्रौं थाइल्याण्डमा बनेको विशाल बुद्ध मुर्ति रहेको छ । हाल सालै स्लामी धर्मावलम्वीहरुले पनि एउटा चर्चको स्थापना गरेका छन् ।

यही २०६० कार्तिक २७ गते राती स्थानीय गेर्खु गा.वि.स.४ भैसे निवासी साधारण किसान सन्त बहादुर तामाङलाई सपनामा दिएको आधारमा सपरिवार निलकण्ठ महादेवको उत्पत्ति भएको छ । सो स्थानमा कुमार, गणेश, महादेव, पार्वती, बसाह र नाग एउटै विशाल प्रस्थर शिलामा चित्रांकित छ ।

ऐतिहासिक पक्ष

बेत्रावती नेपाली इतिहासको क्षेत्रमा नौलो नाम होइन । नेपाल र हाल चीनको स्वसासित क्षेत्र तिव्वत संग बि.सं. १८४९ को मैत्री पूर्ण सन्धि यसै स्थानमा भएको थियो । जुन सन्धिलाइ बेत्रावती सन्धीको नामले चिनिन्छ । यो सन्धिको लिखित प्रमाण पाइएको छैन । मौखिक रुपमा नै यो सन्धि भएको मानिन्छ ।

वि.सं. १८४६ ज्येष्ठ १९ (२ जुन १७८९) का दिन केरुङमा भएको सन्धि अनुसार केवल "वार्षिक रु.५०,००१/- तिव्वतले नेपाललाई कर्कट संक्रान्तिको महिना दिन भित्र बुझाउने" भन्ने उल्लेख छ तर वि.सं. १८४७ को रकम भोटले नेपाललाई बुझाएन र वि.सं. १८४८मा आएर रकम बुझाउने सम्बन्धमा एक पल्ट वार्ता गर्न नेपाली पक्षलाई भोट सरकारले अनुरोध गऱ्यो ।

दुवै पक्ष बाट वार्ता विथोल्ने किसिमको कार्यहरु मात्र भए जसको कारण यसै वर्षको श्रावण २० (६ अगस्ट १७९१) मा नेपाल र भोट बीच युद्ध शुरु भयो । यो युद्धमा तिव्वतलाई चीनले सहयोग गऱ्यो जसको कारण नेपालले ठूलो क्षती व्यहोर्नु पऱ्यो । चिनिया फौज बेत्रावती सम्म आइपुगेकाले काठमाडौको लागि नै खतरा भइ बहादुर शाहले राज्य कोषलाइ समेत मकवानपुर सार्ने आदेश दिए । त्यस पछि नेपालले चीनिया शर्तहरु नमानीकन सुख पाएन । अन्तमा वि.स.१८४९ आश्विन १७ गतेका दिन (सन् १७९२ अक्टुवर ५) दुवै पक्षका वीच बेत्रावतीमा सम्झौता भई युद्धको अन्त भयो ।

यो सन्धीले तत्कालीन अर्थ जगतमा हलचल नै ल्याइदियो । यो सम्झौता अनुसार नेपालले वि.सं. १८४६को सन्धि बाट पाएको सबै अधिकार गुमाउनु पऱ्यो । सयौं बर्ष देखि नेपालले गर्दै आएको भोटको लागि टक छाप्ने काम बन्द गर्नु पऱ्यो । नेपाल र भोट बीच कुनै विवाद उठेमा त्यसको समाधान चिनियाँ पक्षले गर्ने र चिनियाँ बादशाहको सम्मानमा नेपालले प्रत्येक ५ बर्षमा एउटा शिष्ट मण्डली चीन पठाउनु पर्ने भयो । कुती र केरुङ क्षेत्रमा चिनियाँ अधिकारीहरुले रेखाङ्कन गरेको सीमानालाई मान्नुपर्ने भयो । दीगार्चामा लुटेको सम्पत्ति र श्यामार्पा लामाको शव फिर्ता गर्नु पर्ने भयो । पुर्खाहरुको विरताको यो गाँथा जीवन्त राख्न अझै सम्म पनि रसुवाको गोल्जुङ क्षेत्रमा "ताबु छेवा" (घोडे नाच) नाच नाचिने चलन छ । यो नाचमा नेपाल तिव्वत युद्ध र बेत्रावती सन्धीलाई कलात्मक शैली बाट प्रस्तुत गर्ने गरेको पाइन्छ । यो सन्धिलाई नेपाली इतिहासमा ठूलो महत्वको साथ हेर्ने गरिन्छ ।

स्थानिय मेला तथा चाडपर्व

धार्मिक तथा ऐतिहासिक स्थल बेत्रावतीमा विभिन्न समयमा मेला तथा जात्रा पर्व लाग्ने गर्दछ । जनै पुर्णिमाको भोली पल्ट नेवारी समुदायमा प्रचलित लाखे नाच, गाईजात्रा पर्व मनाउने चलन रहेको छ । लाखे नाच गोठेमङ्गल औंशी देखि कृष्ण अष्टमीको भोली पल्ट सम्म नाचिने चलन छ । यो नाचमा प्रचलित बाजा, नाच तथा मखुण्डो काठमाडौं उपत्यकाको भन्दा छुट्टै रहेको छ ।

हरि बोधनी एकादशीको दिन पितृहरुको स्मृतिमा फूलको डोरी (तोरण) तार्ने चलन रहेको छ । यो फूलको डोरी तार्न डाँडा पाखाका गाउँ गाउँ बाट सामूहिक रुपमा पन्चे बाजा, बालन, भजन, भ्याउरे गीत, मारुनीआदि सांस्कृतिक रमझमका साथ ल्याइने चलन छ । राम नवमीको दिन बजारमा अवस्थित राम मन्दिरमा राम सीताको विवाह गराउने चलन रहेको छ । सो गुठीको सञ्चालकहरु बाट सातु बाँड्ने, राम सीतालाई रथमा राखेर बजार परिक्रमा गराउने पनि गरीन्छ ।

पौषे औंशी (गया औंशी)का दिन उत्तर गया पुण्य भूमिमा श्राद्ध गरेर तर्पण दिएको दिवंगत पितृहरुको हातमा पर्ने, पितृ तर्न सक्ने विश्वासले देशका कुना कुनाबाट हजारौंको संख्यामा पितृ भक्तहरु श्राद्ध गर्न आउँछन् हिन्दु धर्मावलम्वीहरु मात्र नभइ बौद्ध धर्मावलम्वी हरु पनि यहाँ श्राद्धका लागि आउँदछन् ।

बुद्ध जयन्तीको दिन सातविषे स्थित बुद्ध स्तुपमा पुजाआजा गर्ने चलन छ । कृष्ण अष्टमीका दिन कृष्णलाई रथारोहण गर्ने तथा भजन कीर्तन गरी पुजा गर्ने गरीन्छ । त्यसै गरी माघे संक्रान्तीका दिन सत्री फाँट गोरु जुधाउने चलन रहेको छ । तर केही बर्ष यता यो पर्व लोप हुने अवस्थामा पुगेको छ । कला, धर्म, संस्कृति नै हाम्रो परिचय भएको हुनाले यसको संरक्षण र विकास गर्नु हाम्रो प्रमुख कर्तव्य हो ।

उपसंहार

बेत्रावती पर्यटन विकासको दृष्टिकोणले पनि सम्भावित र महत्व पुर्ण क्षेत्र हो । यसको ऐतिहासिक तथा धार्मिक महत्वको प्रचार प्रसार गर्न सकियो भने पर्यटन क्षेत्रमा निश्चित रुपमा विकास हुन सक्छ । उत्तरगया क्षेत्रको विकासको लागि भनेर जति थरी समिति, समूह संस्था क्लव गठन गरीए पनि योजना अनुरुपको कार्य नहुँदा यो माथि उठ्न सकिरहेको छैन । ऐतिहासिक मठमन्दिर कला धर्म संस्कृति र रितिरिवाजको संरक्षण विकास गर्नु समाज विकासको दृष्टिकोणले ज्यादै आवश्यक कुरा हो ।

यस क्षेत्रको वरी परी पृथ्वीको गर्भमा थुप्रै इतिहास लुकेका हुन सक्छन् । छरिएर रहेका सिलालेख हरुको संरक्षण र अध्ययनले थप ऐतिहासिक तथ्य हरु आउन सक्छ । यस्ता इतिहास बोल्ने शिलाहरुको संरक्षण र अध्ययन हुनु जरुरी देखिन्छ ।

बजारको बढ्दो जनसंख्याको चापले वातावरण प्रदुशित हुँदैछ । जथाभावी फोहर मैला फालीनाले पानी नै दुषित बन्न पुगेको छ । यो वातावरण र स्वास्थ जस्तो गहन विषयलाई समय मै सोचिएन भने पश्चातापको भुमरीमा पर्नु सिवाय अरु केही हुने छैन ।

सन्दर्भ सामग्रीहरु

१. पौड्याल कैलाशनाथ, पौराणिक इतिहास २०५९

२. पिताम्बर लाल यादव, नेपालको राजनैतिक इतिहास

३. बुद्धि नारायण श्रेष्ठ, नेपालको सिमाना २०५७

वेत्रावती बजार, रसुवा
हाल ललितकला क्याम्पस
पो.ब.नं. २१२५३, (काठमाडौं)

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यस निलकण्ठ उच्च मा.वि., बोगटीटार, रसुवामा मिति ०६१ साउन १ देखि कक्षा ११ मा मानविकी तथा शिक्षा संकाय तर्फ धमाधम भर्ना लिईदैछ ।

समय मै भर्ना भई आफ्नो सिट सुरक्षित राख्नु होला ।

प्राचार्य

गीत

-जयन्ती ओझा

एकथुकि सुकि जान्छ - सयथुकी खोला
एकतामा बाँधी उठौं - जे त होला होला

छाती थापि अघि बढौं - पिठ्यू थापि होइन
धर्ती माथि बोझ भई - बाँच्ने हामी छैन
पसिनाले भिजाउँ धर्ति - रगतले हैन
एकता नै भन्दा ठूलो - अरु धन छैन

लेकबेसी गाउँ पहाड - हिमाल र तराई
कुनचाहिं आयाम ल्याउँछौ - आमालाई जलाई
मार्ने मर्ने दाजुभाइ नै - पराई शत्रु होइन
आमाको गर्धन रेटी - जित कहिल्यै हुन्न

हत्या हिंसा मच्चाउँदैमा - के पो पाउँछौ होला
बाँची बचाउ हाँसी हँसाउ - मरिजाने चोला
एकथुकि सुकि जान्छ - सयथुकी खोला
एकतामा बाँधी उठौं - जे त होला होला

कल्याणपुर-१ .
हर्कपुर, नुवाकोट

Environmental Effects of air pollution,Climate

-Achyut Dahal

What is Environment ?

Environment means the surrounding which are multificated, multidisciplinary and multisectoral. It includes the wide range of resources like air, water and soil, which is necessary for the extence of all creatures. There are namely 4 components of environment and they are atmosphere, lithosphere, hydrosphere and biosphere.

What is environmental polluotion ?

Environmental pollution is the undesirable change in the physical, chemical and biological characteristics of the air, water and soil or any other amenities causing harmful effect to human livelihood.

What is air plooution ?

Air pollution is defined as the deviation in the natural composition of the gaseous parameter of the atmosphere. We can points out such causes whics are as follows : N_2, Co_2, $H_2O(g)$, No_x, So_x, inert gases.

Environmental Effects of air pollution on climate.

Projected global warming might be offset by aerosols of various air pollutant released in atmosphere by volcanic eruptions and anthropogenic activity.

According to the scientists the air pollutants will project global warming very much in the next 50 years due to :

- Aerosols fall back to the earth or washed out of the atmosphere within weeks, month and Co_2 and other green house gases remains in the atmosphere.
- Aerosols are major components of acid deposition which can slow the forest growth and weaken the trees.
- Some resulting clouds have a high albedo and reflect the more incoming sunlight back to the space during day time. This clouds help heating of the green house gases. Nights become warmer because the clouds would still be there and prevent some of the heat stored in the earth surface during the day from radiated into the space.

Thus , we came to know that air pollution has great impact towards the environment so the emissions of the particals which leads pollution must be control.

-Amrit Science Campus

नेताज्यूलाई अनुरोध

- उदय घिमिरे

घिच्नुहोस् घिच्नुहोस्
भुँडी फुट्ने गरी घिच्नुहोस्
ढाँट्नुहोस् छल्नुहोस्
रित्याउनुहोस् सिध्याउनुहोस्
बाँकी नराखे हुन्छ ।

वचन दिनुहोस्
पूरा नगरे हुन्छ
पेल्नुहोस् थिच्नुहोस्
चिथोर्नुहोस् नङ्ग्याउनुहोस्
अनि भुट्नुहोस् फेरि
आश्वासनको हाँडीभित्र ।

वाह ! कत्रो पुरुषार्थ तपाईंको
सम्मान गर्छु म समय-समयमा
चाहिएको बेला पग्लनुहुन्छ
नचाहिएमा चाम्रिनुहुन्छ, जम्नुहुन्छ
मिच्नुहोस् किच्नुहोस् थिच्नुहोस्
आफ्नै लक्ष्मणरेखा भित्र ।

पेल्नुहोस् थिच्नुहोस्.
अन्धकारको घच्चाघमासानमा
उड्नुहोस् गुड्नुहोस्
सुस्त गर्नुहोस्
अझै मस्ती लिनुहोस्

-K. P. Bright Future Institute
Kathmandu

नेपाल

- धिमिरे राजु शर्मा

नेपाल कस्तो थियो र
कस्तो भयो लगातार ।
सोच्नै सकिन्न नेपालको कहानी
कस्तो थियो हिजो नेपाल र
भयो आज कस्तो हाहाकार
नेपालको नाम लिंदा दुख्छ मन अपार ॥
बुद्धले दिएको शान्तिको आवाज
बन्दुकको नालमा सुनिन थाल्यो
शान्तिको दियो बलिरहने नेपालमा
सोझा नेपालीको लास बल्न थाल्यो ॥॥
पुलिसको हातबाट बाल्ने बन्दुक पनी
शान्तिका लागी बोलेको हुँ भन्छ
कान्तिकारीका काँधमा अडिएर बोल्ने पनी
शान्तिकै लागी बोलको दावा गर्दछ ॥॥
यो कस्तो शान्ति हो ? स्वतन्त्रता पनि विथोलिने
जन्जिरमा बाँधिएकी नेपाल आमालाई
फुकाउनु पर्ने ठाउँमा झन कस्न थाले
अचानोमा परेकी नेपाल आमालाई
त्यसै माथि झन छिया छिया पार्न थाले ॥॥॥
सहिदहरुले सराप्न थाले
नेपालीले पाएनन् कसैको साथ
कस्तो थियो नेपालमा मानवीय गुण
जन्म हुन थाल्यो सर्पको भ्रुण
सम्मानका साथ संस्कार गरिने व्यक्तिलाई
कुकुर मरे झैं गरी जलाइयो
स्वतन्त्र भएको नेपाललाई
कान्ति क्षेत्र भन्ने गराइयो
आफ्नै घरमा दाजु भाइको कत्रो विद्रोह
साझा सपना उडाई दियो कस्तो संयोग
परिवार एकै मिलेर बसेका थिए
आज माटोका किरा सरी भए
नेपाल आज वेश्यालयको रुपमा
विकास गर्ने व्यक्ति भ्रष्टाचारीको रुपमा
दाजुभाइ पनि शत्रुको रुपमा
एक हुल परेवाहरु केवल बाँच्न बाटो खोज्दैछन्
निर्दोष सोझा जनताहरु
केवल एकसरो कपडा लगाएर हिंसाले कसेको संसारमा शान्ति खोज्दैछन्
अबको बाँकी नेपाल कस्तो होला, सोच्ने कसले त ?

केही हाइकु

—रेणुका भट्टराई

तुवाँलो लाग्दा
झरनाको छाल झैं
उर्लदो मन ॥

पैयुंका फूल
जून लागेको बेला
मोती टल्कन्छ ॥

जंगलभित्र
भुत्भुताएका मान्छे
गाइने किरो ॥

जुनेली रात
भाँचिएको निगालो
आकाश हेर्छ ॥

जाँतोमा पर्दा
मकैको दाना जस्तै
पिसिन्छ मान्छे ॥

मेरो पसिना
जमेको समुद्रमा
झुसिल किरा ॥

पो.ब.नं. २१२५३
काठमाडौं

हाइकु

धेरै लेखियो
कसैले पढेनन्
जाडो हरायो ॥

बारुदी मन
रातो नदिको तीर
नेपाल बन्द ॥

काँडाको बीच
एक थुंगो गुलाफ
मेरो विश्वास ॥

रानीपोखरी
मलाई निम्तो दिन्छ
आत्महत्याको ॥

ठूलो हुलमा
मान्छे खोजिरहेथें
राक्षस भेटें ॥

बैकुण्ठ भट्ट

"नेपाली भाषा र संस्कृत भाषा बीचको अन्तरसम्बन्ध"

-शिवराम चालिसे

भाषा विचार विनिमयको माध्यम हो । जसका माध्यमद्वारा व्यक्तिले आफ्ना आन्तरिक भावनाहरुलाई आदान-प्रदान गर्ने गर्दछ । भाषा विना कुनै पनि मानवको दैनिक कियाकलाप चल्न सक्तैन । भाषा नै मानव जीवनको अभिन्न अङ्ग हो । सृष्टिको प्रारम्भ सँगसँगै भाषाको पनि विकास हुँदै आएको पाइन्छ । साधनको रुपमा रहेको त्यस किसिमको भाषालाई मानवले कहिले सांकेतिक रुपमा र कहिले वाणीका रुपमा प्रयोग गरेको हुन्छ । आखिर जस्तो तरिकाद्वारा प्रयोग गरेता पनि त्यो भाषाको नै एउटा कोटी हो । यस्ता किसिमका भाषाहरु मनवको उत्पति, विकास र समाज परिवर्तन सँगसँगै भिन्ना-भिन्नै रुपमा जन्म र विकास हुँदै आएको पाइन्छ । त्यस्ता भाषा मध्येको सर्वप्रचीन मानिएको विश्वको एक मात्र भाषा संस्कृत हो, जुन भाषाको प्रभाव विश्वका जुनसुकै भाषामा कुनै न कुनै रुपमा केही अश भएपनि गाँसिन पुगेको छ । त्यसैगरी नेपाली भाषा पनि यसबाट अलगिन सकेको छैन ।

विकमको एघारौं शताब्दी अर्थात् १०३८ को दामुपाल अभिलेखबाट विकसित हुँदै आएको नेपाली भाषाको १००० वर्षको समयलाई फेरो मारिसकेको छ । शिलालेखीय भाषाबाट प्रारम्भ भएको यस भाषाले साहित्य, सञ्चार, शिक्षा लगायतका क्षेत्रमा सफलता प्राप्त गर्दै आज अन्तराष्ट्रिय क्षेत्रमा समेत ख्याति प्राप्तबन्त सार्थक भइसकेको छ । यसै भाषाका कृति र कृतिकारहरु विश्वब्यापी समेत बनिसकेका छन् । त्यो नै यस भाषाको अतुलनीय सफलताको राम्रो पक्ष हो एवं नेपाल र नेपालीको गौरवको विषय पनि हो । यस भाषालाइ मलजल गरी यसरी विकसित रुपमा पुऱ्याइदिने मुख्य आधार भनेको संस्कृत भाषा नै हो । विश्वको एकमात्र अतिप्रचीन भाषाको रुपमा मानिने यस भाषा आज आफैमा अस्तित्वविहीन अवस्थामा आइपुगेता पनि विश्वका धेरै भाषाहरुको प्रेरणाको स्रोतको रुपमा सम्प्रति पनि जिवितै छ । विशेष गरेर नेपालीभाषाका लागि यो भाषा मुख्य स्रोतको रुपमा मानिन्छ । नेपाली भाषाको व्याकरण निर्माणदेखि लिएर शब्दकोश लगायतका सम्पत्ति निर्माणका क्रममा यसै भाषालाई मुख्य आधार मानिएको छ । नेपाली भाषाको व्याकरण निर्माणका कममा भाषाविद्हरुले संस्कृत व्याकरणका अति चर्चित व्याकरणकार पाणिनीद्वारा रचित अष्ठाध्यायीलाई स्रोत मानेका छन् । नेपालीभाषाको वर्ण, अक्षर, शब्द र वाक्य व्यवस्था सम्बन्धी पक्षलाई हेर्दा पाणिनी व्याकरणको नियमसँग खासै भिन्नता पाइदैन ।

संस्कृत व्याकरणकै उपसर्ग, प्रत्यय, धातु, प्रातिपदिक नेपाली भाषामा प्रष्ट रुपमा प्रयोग हुँदै आएको छ । जस्तै :- पढ-पठित-पढ्छ, खेल्-खेलित-खेल्छ, प्र-देश, माया-आलु, फिर्-अन्ते, आदि । यसै भाषाका उदाहरणहरु हुन् ।

नेपालीभाषाका प्राविधिक र पारिभाषिकका रुपमा प्रयोग हुने अधिकाश शब्दहरु पनि संस्कृत भाषाको नै सहारा लिनुपर्ने हुन्छ । जस्तै पण्डित्य, ऐतिहासिक, नायक, गायक, सप्तर्षि आदि ।जब कुनै एउटा नेपाली आफूलाई नेपालीभाषाको स्तरीय वक्ता बनाउन खोज्छ तब उसले ती शब्दहरु संस्कृतबाट नै ल्याउँछ । स्तरीय नेपालीमा संस्कृत भाषाको छाप परेको उदाहरण हामी रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारित हुने समाचारबाट पनि थाहा पाउन सक्छौ । त्यसैले स्तरीय भाषा बनाउनका लागि संस्कृतको नै सहयोग लिने गरिन्छ । जस्तै स्वास्नी-श्रीमती, सहर-नगर, घरको काम-गृहकार्य, लोग्ने-श्रीमान आदि । त्यति मात्र नभएर अधिकांश नेपालीहरुले आफ्ना संस्था र छोराछोरीको नाम समेत संस्कृत शब्दबाटै राखेका हुन्छन् । जस्तै गणेश, केशव, माधव, कमला, उषा आदि । संस्कृत भाषाको तिरस्कारका निम्ति पनि संस्कृत भाषाकै शब्दको सहयोग लिनुपर्ने बाध्यता नेपालीभाषाका प्रयोगकर्तामा रहेको देखिन्छ । नेपाली भाषामा मात्र नभएर नेपालमा प्रयोग हुने नेवारी, मैथली, भोजपुरी आदि भाषामा पनि यो भाषाको छाप भेटिन्छ । नेवारीहरुका मल्ल, अमात्य, चित्रकार, तुलाधार, कंशाकार, मालाकार, कर्मचार्य आदि थरहरु यसै भाषाका उदाहरणहरु हुन् ।यसरी नेपाल र नेपालीलाइ जीवन्तता प्रदान गर्ने नेपालीभाषाका व्याकरण, शब्दकोश, साहित्य लगायतका सर्वपक्षीय सामग्रीहरुले संस्कृत भाषालाई छोड्न नसकेकोले नेपाली भाषाको विकासका लागि र नेपाली भाषालाई सभ्य बनाउनको लागि अत्यन्तै ठूलो भूमिका रहेको हुँदा संस्कृत नै नेपाली भाषाको जननी भन्दा अत्युक्ति नहोला ?

श्री नीलकण्ठ उ.मा.वि.
बोगटीटार, रसुवा

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न लागेकोमा सफलताको लागि हार्दिक मंगलमय

शुभ कामना ।

वेत्रावती केवल प्रा.लि.
वेत्रावती बजार
रसुवा

IT Scenario

-Gunjan Dhakal

Information and communication are the words that represent global activity. The communication of right time and in a flexible way is one of the needs in today's world. The world without information technology is almost impossible.

ALL our social and economical progress depends on the transfer of technical, commercial and scientific information. And the processing of such information is necessary so as to communicate with all over the world. Information technology is the method used to collect and store data, process them into information and finally communicate those information to all over the world.

Today, technology is a revolution swepping across the globe and internet offers the fastest and easiest information access such as email online education, online banking, online shopping, news posting and so on. Internet is simply defined as anetwork of networks and it is the networking that keeps everyone connected.

As this technology is a growing demand, there are lot of employement opportunities in this sector.An It professional might be a system analyst, a programme, a data entry operator or any other computer realated profession. Technology is being used in various fields and it is much more easier to work in an increasingly interconnected world.

The demand of it related business is increasing day by day and such business can possibly benefit the growth and development of the country. Keeping this into view, a vision of IT park has come into existence in our country and establishment of such IT park is hoped to create a dedicated IT base. It is also hoped to encourage the national and foreign investments to build and develop the IT infrastructure and also help nepali IT firms promote their product and services in the international markets.

Thus, the use of Information Technology is felt in almost each and evey field for easier accessibility and flexibility. One has to remain updated with the latest news and information, technology and trends, and it is the IT that keeps you connected to the globe.

Manipal IT Education, Maitidevi.

धारा १२७

-सुरज आचार्य "प्रस्थान"

जेष्ठ १९ को कालो रात
सगरमाथाको उचाई घटेको दिन
मेरो बुद्ध स्वयम्भुमा रोयो
परेली सुक्न नभ्याउँदै
असोज १८
जनतालाई असक्षम भन्दैछ ।
१२ बर्ष सम्म
ढुकुटीमा बसेकाहरु फेरी
रत्न पार्क र भोटाहिटीमा
भुन्टेका वा संगै
कचौरा थाप्दै थिए ।
मैले महंगीको भ्याल अफ उघारेर हेरें
स्वच्छ छवीहरु रातो टीकामा
मेरो वस्तीमा
कालो वारुद वाँढ्दै थिए
अनि
वेनिको हार संगै
फेरी ७ सालको घाँटी रेट्दै थियो
धारा १२७ ॥

उत्तरगया प.इ.स्कुल
कक्षा १०, बेत्रावती, नुवाकोट

मुक्तक

-श्रेष्ठ जि.वि.

सभ्य र भद्र भनाउन आजभोली
मानिसहरुले एल्सिसियन कुकुर पाल्न थालेछन् ।
छोरी चाँहीको इर्श्या लागेर हो कि
साडी र चोलीको बदला
मिडि र मिनिस्कर्ट लगाउन थाले छन् ।

गेर्खु-४, भैंसे, नुवाकोट

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना
समयमै दर्ता गरौं ।

स्थानीय निकायको सहभागितामा व्यक्ति र देशलाई
फाइदा पुऱ्याऔं ।

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँ विकास समितिका स्थानिय पन्जीकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानिय पन्जीकाधीकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

कसरी गर्ने ?

गाउँ विकास समिति वा नगर पालिकामा नि : शुल्क पाइने फाराम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ ।

व्यक्तिगत घटना दर्ता कसले गर्ने ?

जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
मृत्यु दर्ता सरोकार वाला व्यक्तिले ।
विवाहको घटना पति पत्नी दुवैले
सम्बन्ध विच्छेदको घटना पनि वा पत्नीले
बसाईसाराईको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाईसराई गरी जाने व्यक्तिले ।

व्यक्तिगत घटना दर्ता कार्यक्रम, नेपाल

जिल्ला विकास समितिको कार्यालय
जनसंख्या तथा पंजिकरण व्यवस्थापन शाखा
बिदुर, नुवाकोट
फोन : ५६०१४४,५६०१४५
फ्याक्स : ५६०७६८

सुन्दरी र आइन्स्टाइन

सापेक्षता (Relativity) बारे व्याख्या गर्दै एकपटक अल्बर्ट आइन्स्टाइनले भने- "एउटा सुन्दर केटीसँग दुई घण्टा बिताउँदा पनि तिमी एक मिनेट मात्र वितेको ठान्छौ तर एउटा तातो हावामाथि एक मिनेट बस्दा पनि दुई घण्टा जस्तो लाग्छ- सापेक्षता त्यही हो ।"

एकपल्ट आइन्स्टाइनलाई ' तेस्रो विश्वयुद्धका कुन कुन शस्त्रास्त्र प्रयोग होला' भनेर कसैले सोध्यो । "तेस्रो विश्वयुद्धका बारे त भन्न मुस्किल छ, बरु चौथो विश्वयुद्धका बारेमा चाहिं भन्न सकिन्छ - आइन्स्टाइनको यस्तो उत्तर सुनेर प्रश्नकर्ता छक्क पऱ्यो ।

"त्यसो भए चौथो विश्वयुद्धमा कुन हतियार प्रयोग होला त ? आइन्स्टाइनले तुरुन्तै जवाफ दिए- "मानिस बच्ने कुनै सम्भावना नै छैन-यदि बचेछ भने फेरि पत्थरको हतियारले लडाइ गर्न थाल्नेछ ।

***Ascol Remind**बाट साभार*

शुभ कामना

यस बेत्रगंगा सोसाइटीले आफ्ना लक्ष्यहरु सफलताकासाथ चुमिरहोस्, स्मारिका प्रकाशन बाट पाठकहरुको मस्तिष्क माझ्न सफल रहोस् र अब्बल सामाजिक संस्था बन्न सकोस्, बेत्रगंगा को सफलताको लागि यही छ

हाम्रो शुभकामना ।
पुरुषोत्तम प्याकुरेल
सभापति
एवं
स्ववियु परिवार
ग्रामिण आदर्श बहुमुखी क्याम्पस
बालाजु, नेपालटार, काठमाडौं ।

लेख्न नहुने कविता

-पुरुषोत्तम लम्साल

काला बादलले आकाश ढाक्यो
म बाहिर निक्लन्न
पलपलमा चट्याङ पर्छ
गोलीले भुटिएका लाशहरु
छरपस्ट छन् सडक किनारमा।
भारी वर्षाले
दोबाटोमा खस्छ चराको गुँढ
र पखेटा नउम्रेको चरो
छट्पटाइरहेको छ झरीमा
म "कठै !" पनि भन्न सक्दिन।
हररात मलामी नासिन्छ
हरदिन जन्ती भासिन्छ
म छोरो रातको प्रार्थना गर्छु
(तर, तन्किएको छ कालो रात अझै)
गर्व गर्छु म, एकदिनको आयु बढ्दा
शीरको टोपी सँधै सँधै खस्छ
बन्दुकको 'ट्रेगर' मा जाल अड्काई
दैत्यहरुले तुष्टि पाएको अड्कल काट्छु
वा 'कथित' वीरगतिको अनुमान लाउँछु।
(आकाश खोसिएका दिनहरुमा)/चूक पोखिएको रातहरुमा
भित्रभित्र मरिरहेछन् बाँच्नेहरु पनि,
टाउको काट्ने प्रतियोगितामा
कोही छैन टाउको उठाएर बाँच्ने यहाँ।
यो चर्किएको ऐनामा
विरुप मुहार हेर्दै रुन्छ वर्तमान
रगतको आँसु बहाउँदै
सङ्कटकालले बलात्कार गरेको छाती निचोर्दै।
उफ् ! यहाँ रातलाई रात भनिएछ
कालोलाई सेतो भन्नुपर्ने
यो लेख्न नहुने कविता
शूली चढ्ने पालो
अब मेरो कविताको ?

वि.न.पा.ढङ्गे, नुवाकोट
हाल आर.आर.क्याम्पस

महान विचार

-राजन प्र. न्यौपाने

साँच्चै म त डुबें 'सम्म' सागरमा भनुँ या गहिराइमा या मोहको जालमा। खै कुन्नी के बन्धनमा। साह्रै नै कडा रहेछ यो बन्धन अब त छुटुँ भन्दा छुट्न नसकिने। भो म त भन्दिन कसैलाई यो बन्धन बाँध्नको लागि। भन्लान कसैले यो संसारको नियम वंश धान्ने परम्परा। प्राय सबै नै यो बन्धनमा बाँधिन हतारिएको देख्छु। त्यसमा पनि अझ पुरुषहरु। भन्छन् पुरुषहरु हतारमा विवाह गर्छन, अनि फुर्सतमा पछुताउँछन्। म पनि अहिले त्यसैले पछुताइरहेको छु 'सरु'। भनिदेऊ सबैलाई यसरी पछुताउन नपरोस् भनि। दुई प्रेमी प्रेमीकाहरु मध्ये। कसैको प्रेमी विवाह गर्न हतारिन्छन् त केही प्रेमीका। हामीले देखे भोगकै कुरा हो, "अब हामी चाँडै विवाह गरौं र हाम्रो सम्बन्धलाई सामाजिक मान्यता प्रदान गरौं।" कोही यसो भन्छन् त कोही "केही महिना मै मेरी बैनी पढाई सकेर आउँदै छे। उसको बिहेको कुरा चल्नुभन्दा आगावै घरमा मेरो विवाहको कुरा चलाउँछन्। त्यसैले त्यस कुरो चल्नु अगावै हाम्रो सम्बन्ध स्थायित्वको बारेमा केही सोचन प्रिय।" त फेरि केही भन्छन्, "के तिमीलाई एउटी सुन्दर सुशील पत्नी प्यारा नानीहरु र एउटा सानो घरको पनि चाहना छैन।" अझ कोही, "जीवन साह्रै साह्रै सुन्दर छ। जगत साह्रै नै प्यारो छ। त्यसैले म तिम्री अर्धाङ्गीनी भएर यो जीवन जगतमा रमाउन चाहन्छु।" यस्तै यस्तै अरु धेरै कुरा गरी मानिसहरु बन्धनमा बाँधिन चाहन्छन्। साँचै 'सरु' तिम्रो सोचाइलाई भने म कदर गर्छु। तिम्रो सोचाइ महान छ। यस्तो सांस्कारिक बन्धनमा बाँधिन नचाहने तिम्रो सोचाइ साह्रै नै महान छ 'सरु' साह्रै महान्। सायद यति बेला यो समयमा भैदिएको भए यी सबै बन्धनका साङ्लाहरुको कष्ट थाह पाएको भए म पनि यस्तै विचार गर्थे होला। विवाह भन्ने शब्दलाई अब म घृणा गर्छु किनकि आफ्नो स्वतन्त्रता गुमाएर पाएको बन्धन अर्थात् विवाह शब्दको अर्थ नै कति नै महत्वपूर्ण हुन्छ र पलपल परिवर्तनशील जिन्दगीमा। फेरी विवाह गर्नुको अर्थनै के छ र विवाह पुर्व नै विवाह पश्चात्को स्वर्गीय अनुभव प्राप्त गरिसकेपछि। भविष्यमा तनाव, झगडा र मनमुटाव झेल्न किन विवाहरुपी भ्रमको खेती गरिरहने।

साँचै। सत्ते। अब मलाई विवाह, घर, पद, पैसा इत्यादि सबै कुरा देखि वितृष्णा छ। म मेरो बैंसलाई मेरै शैलीमा आज उन्मुक्त भएर भोग्न चाहन्थे। तर खै दिएन यो बन्धनले। त्यसैले 'सरु' महान छ तिम्रो विचार। यदि आज म पनि तिमी जस्तो भइदिएको भए ....। कसलाई मन होला र कर्कलाको पानी जस्तो यो वैंश र निश्चित गन्तब्य जस्तो यो जिन्दगी कुनै एउटी आइमाईको अधिकार भित्र सुम्पिदिएर परतन्त्र भएर बाँच्ने।

आफूसंग आफ्नै अहं रहर र स्वतन्त्रता भइदिएन भने त्यस्तो स्थितिमा त्यो मान्छे र भाँचिएको फर्निचरमा भिन्नता नै केही हुंदो रहेनछ । कसले लगाउने आँखा भाँचिएको कुर्सि माथि । 'सरु' ठिक छ । जिन्दगीको सिंगो अर्थ नै केवल विवाह हैन रहेछ । त्यसैले तिमी पनि स्वतन्त्र जन्मियौ स्वतन्त्र हुर्कियौ भने किन परतन्त्र भएर मोहको बन्धनमा बाँधिने । तिमी चरा झैं उड । सूर्य झैं निदाउ । दुःख भोग्न जन्मेको जिन्दगीमा खुसीको केही क्षण किन अरुलाई बाँड्ने आफ्नै लागि बाँच ।

किन गर्छौ 'सरु' मान्छे सुन्दर घरको चाहना केवल घाम पानीबाट ओतिनलाई कि केवल एउटा रात कटाउनका लागि । घामपानीबाट जोगिन र रात कटाउन त होटलमा पनि सकिन्छ । त्यसैले विवाह नै नगरी विवाहलाई भोग्न सकिन्छ भने किन चाहियो घर र विवाहको बन्धन । के विवाह शब्दको पछाडी छोपिएको यौन तिर्खाको तृप्ती विवाह नगरी लिन सकिदैन त । विवाह, घर, आफन्त भनेर किन हामी आफूले आफैलाई ढाँट्छौ । त्यसैले 'सरु' विवाह बन्धनमा जकडिएर नदुखेको टाउको टनटनी बाँधेर व्यर्थै किन दुखाई रहने । दुध बाहिर बाहिरै पिउन पाइन्छ भने गाई पाल्ने झन्झट किन गरिरहनु पर्‍यो । त्यसैले तिमी मात्र हैन सरु जो कोही पनि मुर्खताबाट बुद्धिमानीको थोरै खुड्कीला भए पनि उक्लेर एक मुट्ठी श्वास जानु अघिसम्म जिन्दगीलाई आफ्नै ढगले मोजका साथ र अलिकति मस्तीका साथ बाँच्न सिकुन । मलाई त लाग्छ 'सरु' यो विवाह भन्ने कुरा अस्वाभाविक नाटक रहेछ । तसर्थ वैलेर झर्ने यो महत्वहीन जीवनलाई सहज र स्वभाविक शैलीले बाँच्ने प्रयत्न गर ।

यति बेला म तिम्रो अवस्थामा भइदिएको भए सबै बाधा बन्धनबाट मुक्त भई एक्लै एक्लै आनन्दानुभुतिमा रम्दै यो निःसार जीवनको रसास्वादन गर्दै आफ्नो वैंशलाई भोग्दै बगैचाको फूलहरु चाख्दै हिंड्थे । मैले भनेको मान 'सरु' तिमी पनि भमराहरुलाई तड्पाउँदै तड्पाउँदै हिड अनि मन परेको कुरा पाऊ । नपाए खोसेर भए पनि लेऊ । जीवनलाई किंन घर, परिवार, पैसा, आँशु र अभावमा पिल्साएर यसको महत्वलाई लत्याइरहने । जीवन त यसै पनि मर्छ उसै पनि मर्छ । भने मर्नु अघि यो नश्वर शरीरबाट आनन्द किन नलिनु । यसैको माध्यमबाट जीवनको सार बुझ्ने र यसलाई चिन्ने झिनो प्रयास किन नगर्नु किनकी जीवनको अर्थ स्पष्ट नभएर नै यो जीवनको विधी पीडादायी भएको मेरो कुरालाई दोहोर्‍याइरहनु पर्ला र ?

नीलकण्ठ उच्च मा.वि
बोगटीटार, रसुवा

Propugn

-Ashik Dangol

I am glad with my choice
But frightened with my voice
What can I do, I don't know
Please give me idea to show.

I am not perfect to cut my heart
But able to show handicapped
Oh sorry ! what's going to happen
Please don't make me pattern

Today I don't know
What I can really do to you
I like to go up in the sky
And remember to you.

Betrawati-1, Rassuwa
Uttargaya P.E.School

Bishnu Prasad Poudel
Arjun K. Poudel
☎(01) 4224346
(01) 4220469

LOYAL COMPUTERS
New Road, Above Liberty Shop
url : www.loyalcomputer.com
Email : info@loyalcomputer.com
bishnu_p@hotmail.com

* SALES 'N SERVICE * SOFTWARE INSTALLATION
* COMPUTER ACCESSORIES * ANNUAL MAINTENANCE
CONTRACT * NET WORKING * UPS & PRINTERS

बाटो

-विकाश गुबाजु

मलाई थाहा छ
बुस जस्तो अर्को बुसले
मेरो निडर सगरमाथा
वम हान्न आदेश दिने छैन
बश, उ मुसा भएर
सगरमाथाको मुनी मेरो दिल
छिया छिया गरेर काटिरहको हुन्छ ।
तर म बुसको जस्तो अन्धो स्वार्थ लिएर
मुसा लुकेको
बग्दादको शहर ध्वस्त पार्ने छैन ।
वरु मेरो आस्थाको दादा, गौतम
एक रात भर बग्दादको शहरमा
मुसासँगै रात बिताउने छ ।
अनि मलाई आशा छ
भोलिपल्ट सुयंको किरणसँगै
मुसा, मुसा वास्तवमा नै गणेशको बहानमात्र हुनेछ
तर, त्यत्तिबेलासम्म पनि स्वार्थ उद्देश्य लिएर हिंडेको बुस
ईराकको मुटुको पुर्ननिर्माण गर्न
सकिरहेको हुने छैन् ।

बेत्रावती बजार, रसुवा
हाल पासाङ ल्हामु कलेज

यस बेत्रगंगा सोसाइटीले आफ्नो मुखपत्र "बेत्रगंगा"को पहिलो अंक प्रकाशन गर्न लागेको थाहापाउँदा हामीलाई ज्यादै खुशी लागेको छ । सोसाइटीले चालेको कार्य सफलताको लागि शुभ कामना ।

स्टेशनरी सामान, सरकारी तथा बोर्डीङ स्कूलका पाठ्यपुस्तक, गाईड, गेसपेपर, ग्रेटिङ कार्डको लागि हामीलाई सम्झनुहोस् ।

निश्चल बुक्स एण्ड स्टेशनरी सेन्टर
बेत्राबती, रसुवा

GLOBALISATION

-Basanta Sitaula

The word war 2nd tought the whole world to live together and expand mutual co- operation because no country is self –dependent in this world; all countries developed or undeveloped have to depend up on each other for one or the other reason. Therefore, after 2nd world war many regional co-operation groups developed in the world. these day there are more than hundred regional co- operation group working for the mutual benefits of the concerned member nations. South Asian Association for Regional co-operation(SAARC) is one of the them. Actually there is hardly any country which do not affiliated with any regional co- operation group, because it help to expand economic co- operation among the member countries liaberalized trade promotes export, trade, generates adequate employment opportunities, leads the country towards the indismalization and boost up the economy of the member countries.

The next important contribution of the 2nd world war is the estabilishment of the general agreement on trade and tariff the main objective of GATT was to liberalize and expand world trade through the elimination of tariff and non tariff barriers between the trading partness through multi- lateral trading system field of action and power for making decision and resolving trade disputes GATT world could not bring all nations under its mutual cooperation and benefits. For the last several years there was indeed of such types of global organization which could actually include all the nations under a single roof and function on global basis i.e. progressively integrate world resoures including capital , labour and several on a global scale for global economic reform. The world trade organization(WTO) is now with us to fulfil the desired objective. The development of communication system, especially the information technology and the jet travel has converted the whole world into a borderless global village.

I think the globalization issue must be analyzed interms of economic competition, and then it will help us see the issue clearly. With a clear unclear standing of the competitive process and the competitive advantage /disadvantage of ourselves , we will be able to devise a strategy to position ourselves with the strongest posture on the world market.

KIST college of management
Kamal pokhari, kathmandu

गजब भो

-ईश्वर रिजाल

ढुंगा		बन्दुक
ईटा		गोली
लाठी चार्ज	दुश्मन
टियरग्याँस	बम
के भो ?		धराप
गजब ।		के भो ?
		गजब ।

नारा
जुलुस		समय शान्त
प्रहार		समय सुनसान
स्तब्ध		समय कपट
रगत		समय त्रासदी
के भो ?		गजब भो ।
गजब ।

पुकार
हुँकार
कुर्सी
कपट
धोका
के भो ?
गजब ।

बिराटनगर-१
त्रिवेणी मार्ग
हाल : दिपज्योति आवसिय मा.वि
गंगबु, काठमाडौं ।

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न
लागेकोमा सफलताको लागि हार्दिक मंगलमय
शुभ कामना ।

STD, ISD, तथा Fax 2 Fax गर्नु परेमा
010–560894 वेत्रावती, सम्झनुहोस ।

प्रो. गणेश श्रेष्ठ
त्रिवेणी कम्यूनिकेशन सेन्टर
वेत्रावती बजार, रसुवा ।

जीवन

–संजीव योञ्जन

खै कहाँ चुके म ? खै कता बिराएँ म ?
झल्यास बिउझदा त
मसानघाटमा जल्दै रहेछु
विगत, बर्तमान र भविष्य
अनि मेरा सपना र रहरहरु
यही आगोमा डढ्दै रहेछ
कर्तव्य दायित्व र जिम्मेवारीहरु
खरानी भएर थुप्रदै रहेछ
आँशु सुक्दै रहेछ
हाँसो रापमा जल्दै रहेछ
मेरो अस्तित्व कहिल्यै पनि
पूर्ण मानवको रहेन
म सँधै आधी रहे
म आधि हाँसे
म आधि रोएँ
आधी जंघार तैरिदा-तैरिदै
जरजर भएर ढल्न पुगेछ
सुगन्धित कि दुरगन्धित
मृत्यु पश्चात पनि दोधार रहिरह्यो
गुनासो रहिरह्यो

डल्लु–१५ चागल
काठमाडौ

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न
लागेको थाहापाउँदा खुशी लागेको छ। यस्तो
उदाहरणीय कार्य सफलताको लागि
हाम्रो शुभकामना ।

स्टेशनरी सामान, सरकारी तथा बोर्डीङ्ग स्कूलका पाठ्यपुस्तक, गाईड,
गेसपेपर, ग्रेटिड कार्डको लागि हामीलाई सम्झनुहोस् ।

श्रेष्ठ बुक्स एण्ड स्टेशनरी सेन्टर
(साझा प्रकाशनको अधिकृत विक्रेता)
वेत्रावती, रसुवा

Situation of Children in Nepal

-Dev Raj Sapkota

Neither I am a great writer nor have I a detail study of the children and their situation in Nepal. But I have made some reaction with the children. So I would like to share my experience and feelings about the situation of children in Nepal.Near to my room (apartment) a month ago I saw a girl about seven years carrying a full bucket of water, more that that for her weight to watering some potatoes saplings. Near by was a woman richly dressed, ordering that little girl to. I waited for a while. I imagined her carrying books instead of that bucket. Not only about this little girl, but there are many such girls in Kathmandu valley, who are unwillingly working in such dungeon. Where I have stayed I have seen such little girls who are kept at homes and help in household work. Despite helping in household work, there are many children working in carpet industries, some of whose rescue from those industries has also been listened. But we have not heard about the rescue of children from so called rich people's house. Capital of Nepal, where we say number of educated people stay, and centre of Nepal. If here is also the problem of child labour then what might be the condition in rest of the part, one can easily think of it. Those who work and speak against such activities outside their homes seem to be involved in keeping child labour. There is not any house left where there is no child labour. These children have to polish shoes, wash dishes, press dress for the so called rich people. I'd like to call them "Pajero People". Such so called rich people can feed their pet dogs and cats with imported meats and some other delicious food. But they cannot think for the sake of those children. They cannot think of them carrying books in their hands. Whenever anyone complains about such activities, then they say "KHAWAI DEKAI CHHA, LAUNA DEKAI CHHA, KE CHAHIYO" and also say that they are paid for their labour. See how people can stoop so low.

Despite this , there are other children usually seen in the streets of the cities in Nepal carrying sacks full of plastics and such other raggy things. People pass near by them in pajeros and something like that type of vehicles but they don't see them, what a bloody shame. Books and schools are meaning less for them. Plastics are the books, Streets are the schools for them and dogs are the teachers for them. How those dogs are , the same they are. They play, sleep and eat with dogs. I think they and the so called rich people are same, they also play and sleep with the dogs and those children also play with the dogs. The difference is only in the foods they eat. But so called rich people also eat to live and those children also eat to live. So how can they think of them being superior.

So who is responsible for all this? Their parents ? They themselves ? Government ? or who ? No, we all are responsible for this. There are many NGOs and INGOs working for those children. They hold different seminars in star hotels to get dollars, but work in action is zero. But some of them seem to be working and making many projects and plans for the benefit of those children. This is a great problem for us. How can we think future of the nation with such children. We have to start working for making the suitable environment where they can have their rights. This work is not possible by one person. We all should start from now. A large fund is also required. But if we start saving 50 paisa per person perday then that would be a great task to eliminate this problem and have better future for our nation too.

Damak 18
Jhapa Nepal

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न
लागेकोमा सफलताको लागि हार्दिक मंगलमय
शुभ कामना ।
सफा र स्वास्थ्य खानाको लागि एभरेष्ट भोजनालय एण्ड लजलाई
सधैं सम्झने गरौं ।

हाम्रा विशेषताहरु :
सफा र स्वच्छ खाना
आरामदायी बास
आत्मीय र घरायसी व्यवहार
संचार तथा बस टीकटको व्यवस्था
गाडी पार्किङको व्यवस्था
टेलिफोन बाट नै कोठा बुकिङको व्यवस्था

प्रो. सुदिप अधिकारी
फोन. ५६१०५९,५६०९१४
बिदर-१, दुई.नुवाकोट ।

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न
लागेकोमा सफलताको लागि हार्दिक मंगलमय
शुभ कामना ।
आधुनिक खापा, झ्याल, ढोका र अर्डर बमोजिमको फर्निचर सम्बन्धि
सम्पूर्ण कार्यको लागि हामीलाई सम्झनुहोस् ।
प्रो. सन्तलाल डंगोल
मुक्ति फर्निचर उद्योग
वेत्रावती-९, नुवाकोट

तिमी

-सृजना भट्ट

तिमी यसरी बाँचिरहेछौं
अभाव नै अभावमा पनि
सन्तोषको सास फेर्दै
तिमीलाई एक छिन फर्सद छैन
निरन्तर लागि रहेछौ
थाहा छैन कसले के गरिरहेछ
फुर्सद छैन बुझ्ने
कहाँ के भइरहेछ
त्यसो त तिम्रो यात्रामा अप्ठ्याइरो आइनपरेको
होइन
प्रशस्त बाधा अड्चनलाइ सहजै पचाएर
बढिरहेछौ ।
तिमीले अर्काको देखा सिकि गर्न
खोज्दै खोजेनौ
आफ्नै चालमा बढिरहयौ बढिरहने छौ
तिमी स्वाभिमानी छौ ।
तिम्रो स्वाभिमान मा अरुले भन्छन्
म भए सर्बदिन थिए भोक सहन
निन्द्रा सहन
तर तिमीलाई परवाह छैन भोक निद्राको
तिमी आफ्नो लागि भन्दा पनि अर्काको लागि
खटिरहेछौ
मलाई थाहा छ तिमी पनि एक मानव हौ
तिम्रो पनि अरु मानवको जस्तै रहर र इच्छा
हालान्
तर तिमीले त्यसलाई सहजै पन्छाएर
बाँचिरहेछौ ।
त्यसैले तिमी हरेक मान्छे भन्दा फरक छौ
नभएका एक छौ ।

अर्चले ८, नुवाकोट
हाल उत्तरगया पब्लिक इङलिस स्कुल
बेत्रावती

गजल

-बाबुराम लामिछाने

जननीलाई लाती हान्ने हेर कस्तो घाती रैछ,
वातावरण बिगार्ने त हाम्रै मानव जाति रैछ ॥

बाहिर हेर्दा सफासुग्घर भलाद्मी र चिटिक्क,
कति राम्रो भन्ये मान्छे प्रदुषणको साथी रैछ ॥

मोटर गाडी गुड्या देख्दा कति राम्रै लाग्थ्यो तर,
धुँवा धुलो सहित अरु फ्याँक्दो नाना भाँति रैछ ॥

विज्ञान र आविष्कारका ठूला कुरा गरेपछि,
बल्ल हेरें ओजोन होल त आफ्नै टाउको माथि रैछ ॥

वातावरण संरक्षणका योजना त धेरै बने,
कहाँ पुरा भए त खै प्रदुषण थाती रैछ ॥

त्रिचन्द्र कलेज

Universal Academy
(An IT based +2 college)
Science, Management and Humanities
Basundhara, Dhapasi, Kathmandu
Tel.:4357859, Fax : 4354674
E-mail : uacademyb@info.com.np

-committment to practical and need based education
-Favorable teaching and learning environment
-Professional faculty members
-Varities of options for students
-Personal care for the weak student
-More emphasis on internal evaluation system

Visit us for more details
you are most welcome !!!

सोचको सुभारम्भ, खोजीको खोज

-पुरुषेत्तम प्याकुरेल

समय एक प्रकृया हो, जसभित्र सम्भव र असम्भवको शाब्दिक अर्थ र तात्विक परिभाषा हुँदैन किन्तु सबै विधि र प्रकृयाहरु यसैका पुच्छरहरु हुन र त समयरुपी पछि पछि सकिनसकि घिस्रिइरहेका छन् । सोच विचारको प्रादुर्भाव, मानिसको प्रादुर्भावको समकालिन, मुल्याङ्नको चित्राङ्न, सन्तुष्टि र असन्तुष्टिमा परिक्षण गर्ने कसि, मानौ हजारौ माइलको यात्राको शुरुवातको पहिलो पाइला अनि यसैको शुरुवात सांसारिक बुझाइको पहिलो खुड्किलो याने Well Beginning so Half Done, खोज, अतृप्त चाहनाहरुको तृप्ति र भोगाई, Learning by doing मा दर्शनको पूर्णकालिन घटनाक्रमलाई वा नाटकमा रुपान्तरित गर्दछ ।

प्रसंग प्रवेश गरौं वर्तमानको विश्लेषण, वर्तमान संवेदनाहीन अवश्थामा पर्याप्त अतृप्तिकरुको भारी बोकेर अनिर्णित गन्तव्य तर्फ विना कुनै सोच र निर्णय लम्किरहेको छ । कैयन समयका उर्वर उपज खेलाडीहरु नयाँ कृति त होइन बरु पुरानो नै समेत खिया लगाउँदै हावे मुख बाट असफलता डकार्दैछन् । शिक्षाको अगाडि अ थपिएको छ, कलाको बलात्कार भएको छ, राजनितिको नाकैमा कु झुण्डिएको छ अनि नारा बनेर अधिकार सडकमा [illegible]को छ, कतै बन्दुक र बम बनेर जंगल र बस्तीहरुमा पड्केको छ तर पनि कर्तव्य चाहि हतियार बनेर हत्यामा , बलात्कारी बनेर दुराचारमा, भ्रष्टाचारी बनेर अफिस अड्डाहरुमा र शान्तिपूर्ण नियन्त्रण बनेर टाउका टाउकामा बजारिएको छ, थचाँरिएको छ, अपितु विना कुनै रोकावट, लगातार क्रियाशील छ । यी र यस्ता घटनाहरु अझै भीषण र ह्दय विदारक छ, जसको अनुकुल गर्न सकिन्छ, न कि कोर्न, लेख्न वा उतार्न ।

एकपटक सोचको सुभारम्भ गरौ, देश के हो ? समाज के हो ? जनता को हुन् ? तिनीहरु के चाहन्छन् ? राजनीति के हो ? को के गर्दैछ ? आदि प्रश्नहरु बाट । अब मानसपटलमा उत्तरहरुको बाढी आउँछ, नेपालको मानचित्र झलक्क याद आउँछ, भारतीय अतिक्रमण बाट छियाछिया परेको सिमाना घुर्माउलो बन्छ, कालापानीको भारतीय सैनिक ब्यारेक आँखामा बिझ्छ, रसियावाल खुर्दलोटन बाँध मुटुमा च्वास्स घोच्छ, हत्या, हिंसा र चित्कारहरु मनमा उकुस मुकुसिन्छन् । राष्ट्रिय ऋण, विदेशीएका नवयुवकहरु, उजाडिएका बस्तीहरु, फुटेका चुराहरु र पखालिएका सिउँदोहरुले मनमा आक्रोसको वेहरी हुत्याइदिन्छन् र र परिणति आन्दोलनको मैदान या युद्धको भुमरीसम्म फेरि पुग्छ । भोगेकाहरु फेरी तयार छैनन् भोग्नेलाई तर देखेकाहरुको मुख थुनिएका छन् यद्यपी गर्नेहरु २०५२ फागुन बनेर २०५८ जेठ १९ बनेर र २०५९ असोज १८ बनेर गरि नै रहेका छन्, संकोच छैन गर्नेहरुलाई न त व्यवधान नै छ ।

आज नेपाली परिवार विभक्त छ चार भागमा । पहिलो भागमा नेपाली परिवार विदेशी मरुभुमिमा पसिना झार्दैछ । उसको वेदना उ देशमा नअटाउनु होइन, देशमा अट्न नदिनु हो तर पनि समुद्र पारीबाटै पनि पत्र कोर्दा सन्चो बिसन्चो उसको पहिलो परिच्छेद हुन्छ । बुढा वा बुढी आमाको सोधनी तरुनी श्रीमती भन्दा पहिलो हरफ मै गर्दछ अनि कमाईलाई झुप्राको छानो टाल्न, साहुको ऋण तिर्न राम्रै हेक्का छ, यो थमाउन नसके उसको घर पड्किन सक्छ, बाबु मारिन सक्छ र लासलाई सुराकीको लोगो लाग्न सक्छ ।

दोस्रो भाग नेपाली परिवार शहरमा छ, कतै देखावटी समृद्धता छ त कतै साँच्चै । शहर रहर भन्दा पनि उनीहरुको बाध्यता छ । पेशाले सरकारी कर्मचारीहरु तर अफिसको जगै छैन, पढाउने विद्यार्थी नै छैनन्, विद्यालयमा ब्यारेक छ । गाउँको घरमा भोटेताल्चा छ, ढोकामा सुचना टाँस छ, ज्यान अचानोमा छ । वेदना छ उनीहरुको, ठुले अनुनय विनय पछि काज शहरमै छ, काम नगरेपनि तलब थाप्ने अफिस नजिकै छ । मानसिकता विक्षिप्त छ, तलवले त यसो मन बहलाउन साइलीको भट्टी चियाउन र कान्छिको नम्बर डायल गर्न सम्म पनि धेरै-धेरै पर्छ, गुन-गुन गुनासो सुनिन्छ । धान्न बाँचेको छ यो परिवार । तेस्रो भाग नेपाली परिवार आन्दोलनमा छ, सडकमा छ, जगंलमा छ । उनीहरुको व्यथा देशको कथा छ, औषधी चाहि आ-आफ्नो सिद्धान्त छ, बाटो फरक-फरक छ, लडन्त भिन्न छ, औजार छन् । आफ्नो सिद्धान्त देश विकास र जनहित ओकल्ने यो परिवार कर्मठ, शिक्षितदेखि अकर्मण्य भ्रष्टहरु समेतलाई समेट्दछ र फाइदाको लागि लडिरहन्छ । अन्यथा देश विकास चाहनेहरु, जनता कै हित चाहनेहरु किन जनताकै सफाया गर्दैछन् उनीहरु भन्दा अति चुक्लीहरु झन धेरै आफै बाँकी छन् भने । यो परिवारका सदस्यहरुको एकमत छ, देश विरामी छ, निको पार्नु छ तर विडम्वना सबै डाक्टर बनिरहेछन्, सबै आ-आफ्नै औषधी खन्याइरहेछन् । जसको कारण आज नेपाल आमालाई Infection भएको छ र आफ्नो प्रतिस्पर्धामा अरु उभिइदिएकोमा ।

चौथो नेपाली परिवार गाउँमा छ, पहाडमा छ, हिमालमा छ, बम संगै सुत्छ र बुटसंगै उठ्छ । परिवारमा बच्चाहरु छन्, बम नचिन्ने भुल गर्दछन्, पड्कन्छ र सहादत प्राप्त हुन्छ । परिवारमा वृद्ध छन्, बात, लात, गोली केहीको परवाह छैन किनकि सबै स्वत सकिइसकेर त्यतिकै लागि मात्रै एकमुठी प्राण बाँकी छ । गुनासो यो परिवारको पनि छ, छोरा त तीनवटा थिए रे, एउटा विदेशमा छ । हरे, सन्चै छु भनेर चिठी पठायो अरे । अर्को जंगलमा छ अरे, घरमा आएर वेला वेलामा घुर्क्याउँछ रे, गाँस, बाँस, कपास माग्छ अरे, सरकारी सेवामा रहेका दाजुभाईहरुलाई राजीनामा गराउनु भनेर बुढालाई थर्काएर लात हानेर जान्छ अरे अनि तेस्रो चाँहि शहरमा ब्यारेकमा छ अरे, वर्षमा एकपटक घर जान्थ्यो अरे, चार/पाँच वर्ष यता गएको छैन अरे तर उसका साथीहरु हुलका हुल गएका बेला जंगलका लाइकिन गाँस, बास, कपास दिएको भनेर पिट्छन् अरे अनि तुरुन्त आत्मसमर्पण गर्न लगा भनेर लात हानेर फर्कन्छन् अरे । तरपनि यो परिवारको ठाउँमा राखेर काम बाड्न पाए घर बन्थ्यो ।

यी माथिका परिवारहरु मात्र सांकेतिक चित्रण हुन यद्यपी पछिल्लो याने कि चौथो परिवार सापेक्ष नेपाली जनता कै प्रतिनिधित्व गर्दछ तर विविध छेउ बाट च्यातिएको र च्यापएिको छ। यसको पछाडिको कारण आज युवाहरुमा हठ र त्यागको नाममा अन्धभक्त पन हावी छ, राजनितिमा अहंता पूर्ण, कार्यमा सोच र विचारको सत्यता त तर अब पनि यहि परिवेसले निरन्तरता पाइरहने हुन् भने नेपाल "निरो"को रोम वा सद्दामको इराक बन्न सक्छ भने नेपालीहरु रोमन वा अमेरिकी पाइताला मुनीका इराकीहरु भन्दा फरक हुन सक्ने छैनन्।

तसर्थ अब साँचो अर्थमा नेपाललाई नेपाल बनाउने हो भने हरेक व्यक्तिमा आफ्नो हैसियत र कार्य क्षेत्रको कर्तव्यानुसारको सोचको सुभारम्भ हुनै पर्दछ र युगीन विकल्पको खोजीको लागि नयाँ खोजको अत्यावश्यक छ हुनैपर्दछ।

स्व.वि.यु.सभापति
ग्रामिण आदर्श बहुमुखी क्याम्पस

यस बेत्रगंगा सोसाइटीले बेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न

लागेकोमा सफलताको लागि हार्दिक मंगलमय

शुभ कामना।

विभिन्न डिजाइनको बिल्डिङ, सडक, सिचाई तथा अन्य निर्माण

कार्यको लागि हामीलाई सदा सम्झनुहोस्।

प्रो.
इन्द्र सापकोटा

सापकोटा निर्माण सेवा
डाँडागाउँ-३, रसुवा
फोन नं. ४३६३५०१

मेरो गाउँ

-ईश्वर थापा मगर

जन्मभूमि भन्ने थिएन कोही
जुन ठाउँमा कोही नजन्मिएको भए
प्राण भन्दा प्यारो ठान्ने थिएन कोही
जसमा सारा वाल्यावस्था नबितेको भए

नुवाकोट र रसुवाको सीमा हो ठाउँ
भन्छन् सबै उत्तरगया बेत्रावती हो नाउँ
बग्ने गर्छन त्रिशुली र बेत्रगंगासँगै मिलेर
वर्षै पिच्छे मेला भर्छन् पितृ उद्दार गरेर

प्रकृतिको सुन्दर दृश्य, लाखौंमा एक
हावापानी अति राम्रो, पहाडी भेग
कति राम्रो देखिन्छ है, हिमालको रंग
पर्यटक रमाउछन् प्रकृतिका शिष्य

ठाउँ साह्रै रमाइलो छ प्रकृतिको रेन
हाँसी खुशी बोल्ने गर्छन् यहाँको मन।
माया धेरै गर्नुपर्छ हाम्रै यो धन
सबै मिली उच्च राखौं, यहाँको सान।

बेत्रावती बजार, नुवाकोट

गीत

नीरलाल श्रेष्ठ "प्रतिक्षा"

अनेक चाहना बोकेर हिड्दै गरेको यात्री हुँ
शायद पूरा हुँदैन कि सपना म भित्रको ।

सबैको अभिलाषा शिखरमा पुग्ने हुन्छ
आफ्नो नाम फैलियोस् यही सोचेको हुन्छ ।
मैले पनि यस्तै लक्ष्य लिई अघि बढेको हुँ
शायद पूरा हुँदैन कि सपना म भित्रको ॥

सुख त केवल पाहुना हो कहिले काही आउँछ
दुःख चाहीं जिन्दगीमा सधैं भरि रहिदिन्छ ।
सुखी जीवन जिउने आशा मैले पनि लिएको हुँ
शायद पूरा हुँदैन कि सपना म भित्रको ॥

कुमारीस्थान, बालाजु

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न लागेकोमा सफलताको लागि हार्दिक मंगलमय

शुभ कामना ।

हामा सेवाहरु :-फोटोकपि, फ्याक्स, लेमिनेशन, कम्पूटर सर्भिस, इमेल, इन्टरनेट, स्पाईरल बाइन्डीङ, बुक बाइन्डीङ, स्टेशनरी, सरकारी तथा बोर्डीङ्ग स्कूलका पाठ्यपुस्तक, गाईड, गेसपेपर, ग्रेटिङ कार्ड एवं राष्ट्रिय अन्तराष्ट्रिय टेलिफोन सेवा समेत उपलब्ध छ ।

प्रो.कृष्ण प्याकुरेल
कृष्ण वुक्स एण्ड स्टेशनरी सप्लायर्स
विदुर-१, ढुङ्गे, नुवाकोट
फोन नं.५६१०६०,५६०९१४,फ्याक्स-५६०९१४,
Email-Kbsc@wlink.com.np

के तपाईंले रंग हालेको खानेकुरा खाइरहनु भएको त छैन ?

-सिजन श्रेष्ठ

संसार धेरै देशहरुमा रङ्ग हालेको खाने गरिएको देखिन्छ । वि.सं. २०३० ले नेपाल खाद्य नियमावलीमा खान हुने र नहुने रङ्गलाई छुट्याएर मात्रा समेत तोकिएको भए पनि यस तर्फ कसैले ध्यान दिएको पाइन्न । त्यसैले रङ्ग हालेको खानेकुरा र रङ्ग नहालेको खानेकुरा बारे केही जानौं ।

रङ्गहरु विषालु हुन्छन् । त्यस्तै सिन्दुर , सीम्रिक, अबीर, नीर, ब्रिलियन्ट ग्रीन, मालाचिट ग्रीन, मेटालिन एल्लो, रोडामिन बी आदि नामको रसायनिक रङ्ग र चम्पा रङ्गहरु विषालु हुन्छन् ।

मानिसहरुले रङ्ग मिसिएको खानेकुरा हुँदैन जस्तै टिका लाउने पहेंलो रङ्ग, रातो रङ्ग, भुँई, काठ, ऊन, घर, मेशिन, फलाम आदि रङ्गाउने सबै रङ्गहरु खान हुँदैन । रङ्गबाट देखिने असर यस प्रकारका छन् :-

१. रगत रातो बनाउने हेमोग्लोबिन (Haemoglobin) नष्ट गरेर एनिमिया जस्तो रोग लाग्दछ ।
२. छालाका विभिन्न रोगहरु लग्न सक्दछन् ।
३. बाँझोपनको सृजना हुनसक्छ ।
४. आँखा, कान कमजोर गराई अन्धो र बहिरो बनाउन सक्छ ।
५. जन्मने सन्तान लुलो , अपाङ्ग, सुस्त मनस्थिति आदि हुनसक्छ ।
६. क्यानसर जस्तो निको नहुने रोग लगाउँदछ ।
७. रोगसँग लड्ने क्षमता घटाएर सामान्य रोग पनि निको हुन कठिन पर्दछ ।

हाम्रो समाज या ठाउँमा पाइने मानव निर्मित समस्याबाट बच्न बजारमा पाइने झिलिमिली र आकर्षक रङ्गिन खानेकुराहरु खान हुँदैन । हामीहरु यस समस्याबाट सचेत हुनुपर्छ । सनसेट एल्लो, फास्टरेक कामोईसिन, पन्स्यू फोर आर, एमारान्थ आदि खान हुने रङ्गहरु हुन् । रङ्गको प्रयोग गर्नै पर्ने भएमा परम्परादेखि चलेका रङ्गहरुमा बेसार, केसरी, क्यारोटिन, एनाटो, विक्जिन, कार्नोन खैरो चिनी आदि र खाद्य नियमावलीले तोकिदिएको रङ्ग र मात्रा मिलाएर मात्र रङ्गहरु राख्नुपर्दछ ।

सचेत उपभोक्ता र दबाब समूहको सकारात्मक प्रयासले विषालु रङ्गको समस्या समाधान हुने हुँदा सबैले सचेत हुने गरे स्वतः यस्ता बस्तुको माग र बिकी वितरण घट्दै जाने गर्दछ ।

बेत्रावति बजार,नुवाकोट

पापी ईश्वर

-मिलन कुमार डंगोल

हे ईश्वर तैंले कस्तो लेखिदिइस् कर्म
किन तैंले बुझिनस् मेरो मर्म ।
अब तँलाई गर्दिन धर्म
यात जाउँ नर्क यात जाउँ स्वर्ग ।
रात दिन भोकै राखिस्
सँधै सँधै रुनु पारिस् ।
मेरो खुसी खोसेर लगिस्
जे जे मन लाग्छ त्यै त्यै गरिस् ।
ठानेको थिएं निष्ठुरी छैनस्
पक्षपात गर्न सिपालु रहिछस् ।
अब तँलाई गर्दिन धर्म
यात जाउँ नर्क यात जाउँ स्वर्ग ।

बेत्रावती बजार, नुवाकोट

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न लागेकोमा सफलताको लागि हार्दिक मंगलमय

शुभ कामना ।

आधुनिक खापा, झ्याल, ढोका र अर्डर बमोजिमको फर्निचर सम्बन्धि सम्पूर्ण कार्यको लागि हामीलाई सम्झनुहोस् ।

प्रो. गोविन्द प्रसाद भट्टराई
भट्टराई फर्निचर उद्योग
नेपालटार,काठमाडौं
फोन नं.४३६३५०१

काल मार्क्स

-केशव फुँयाल

"मैले क्रान्तिकारी लँडाईमा आफूसँग भएका सम्पूर्ण कुराहरुलाई बलिदान गरेको छु । यसो गरेकोमा मलाई पश्चाताप छैन । यदि मैले फेरि आफ्नो जीवनकृति शुरु गर्ने हो भने म फेरि त्यसै गर्नेछु ।" -कार्ल मार्क्स

मार्क्स एउटा यस्तो नाम हो जसले जीवनभर फोहोरी आलोचना र गाली खेप्यो, अभाव, गरीबी र पीडाको बोझ उठायो, प्रहरीपिछा र देश निकालाको बारम्बार सामना गरिरह्यो, एकपछि अर्को आफ्ना सन्तानको क्रुर मृत्युलाई पनि झेल्यो र मृत सन्तानको लागि कात्रो समेत किन्न नसक्दाको पीडालाई समेत चुपचाप आफूभित्रै समेट्यो । आफ्नो महान चिन्तक र क्रान्तिकारी छविले १९ औं शताब्दीलाई नै हल्लाउने मार्क्सको जीवन यति साधारण थियो र पनि युगान्तकारी बन्यो । अरबौं मान्छेहरुको भीडमा मार्क्स एउटा नाम मात्र रहेन, त्यो एउटा क्रान्तिकारी संस्था नै बन्न पुग्यो । यसरी कि मार्क्स अर्ति र उपदेश मात्र दिने मसिहा थिएनन्, शोषित पीडितहरुको लागि मुक्तिको बाटो देखाउने गुरु थिए ।

"म ती तथाकथित "व्यवहारिक" मानिसहरु र तिनको बुद्धि देख्दा दङ्ग पर्छु । निश्चय नै जो सुंगुर बन्न चहान्छु, त्यो मानवजातीको पीडाबाट आफ्नो ढाड फर्काउँछ र आफ्नो बारेमा मात्र चिन्तित रहन्छ ।"

मई ५, १८१८ मा जर्मनीको त्रायरमा जन्मेर मार्च १४,१८८३ मा ब्रिटेनमा इहलिला समाप्त भएका मार्क्सको क्रान्तिकारीपनले सम्पूर्ण यूरोपलाई नै थकाएको थियो ।

"उनी श्रद्धेय रुसमा मरे र साइबेरियादेखि क्यालिफोर्नियासम्मका क्रान्तिकारी कोइलाखानी मजदुर लगायत यूरोप र अमेरिकाका सम्पूर्ण भागहरुमा लाखौं जनताका शोकहरुमा व्यस्त भए । र म यो भन्ने सहास गर्छु- उनका धेरै विरोधीहरु भए पनि व्यक्तिगत शत्रु भने एकजना पनि थिएन ।"

इङ्लिश ट्युशन सेन्टर
क्षमारी स्थान, काठमाडौं

अध्ययन

-कृष्ण प्रसाद अर्याल

किमइल सुङले सबैलाई शिक्षा दिनु पर्छ हरेक मानिसलाई अध्ययनको खाँचो छ भन्ने कुरा महसुस गरेर विभिन्न तहको शिक्षा दीक्षाको लागि तत्कालिन अवस्थामा व्यापक सुधार गर्न थाले । यस क्रममा उनले अशिक्षित बृद्धहरुलाई पनि अनिवार्य प्रौढ शिक्षाको व्यवस्था गरे । त्यसै क्रममा एक वृद्धले भने बाबु हामी अब पढेर के गर्नु छ र किन हामीहरुले पढ्न सिक्नु पऱ्यो ? त्यस प्रश्नको जवाफमा किमइलसुङले भने-बुवा तपाईहरुले जिन्दगी भरी त पढ्न लेख्न पाउनु भएन, पढ्नु भएन र पढाई भनेको केहो त्यसको स्वाद पनि थाहा पाउनु भएन, कम से कम बुढेशकालमा भएपनि पढेर आफुलाई मुर्ख व्यक्ति भएर मर्न बाट जोगाउनु होस् । यसको अर्थ हुन्छ अध्ययनले मानिसलाई मुर्खता बाट जोगाउँछ र अध्ययन भन्ने कुरा जीवन प्रयन्त हुनुपर्ने र भैरहने कुरा हो । अध्ययनको लागि कुनै समय र उमेरको हदबन्दी र छेकबार छैन । अध्ययन एक बौद्धिक खुराक हो । जब मानिसलाई भोक लाग्छ उसले खाना खान्छ, प्यास लाग्छ पेय पदार्थ पिउँछ । जब मानसिक भोक लाग्छ उ पढ्छ, अध्ययन गर्ने मनन र चिन्तन गर्ने गर्छ । भोक मेटाउने खाना र प्यास मेटाउने पेय पदार्थहरुको गुणमा भिन्नता भए जस्तै अध्ययन गरिने विषय वस्तु पनि भिन्न भिन्न हुन्छन् कुनै खाना विरामी बनाउने खालका हुन्छन् भने कुनै खाना शरीरलाई फाईदा गर्ने हुन्छन् । त्यस्तै पेय पदार्थ पनि नशालु खालका र स्वास्थ्य प्रद हुन्छन् । यसै गरी पढ्ने सामाग्रीहरु पनि खराव र असल दुवै थरीका हुन्छन् । कतिपय यस्ता लेख रचनाहरु हुन्छन् जसले सस्तो मनारन्जनको साथमा विकृति फैलाउने गर्छन् । त्यस कारण पढ्ने सामग्री पनि रोजेर राम्रो खालको उत्कृष्ट खालको रचनाहरु अध्ययन गर्नु पर्छ ।

अध्ययन केवल समय विताउने सजिलो माध्यम मात्र नभई एउटा धेरै राम्रो कुरा हो । कुनै किताबहरु लेख रचनाहरु यस्ता हुन्छन् जो जस्का हातमा पुग्छन् तिनीहरुको जीवनमा जीवन शैलीमा व्यापक परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछन् । अध्ययनले मानिसलाई खराब काम गर्न बाट रोक्ने मात्र होइन सधैं उसलाई जीवनमा अगाडि बढ्न प्रेरित गर्दछ । मेरो बुवा महाभारतका कथा रामायणमा कथा अन्य पौराणिक कहानीहरु धेरै सुन्ने सुनाउने गर्नु हुन्थ्यो । एक दिन उहाँका हातमा डायमण्ड शम्शेरद्धारा लिखित सेतो बाघ उपन्यास हात परेछ ।उहाँले त्यसलाई यति प्रेमका साथ पढ्नु भयो । भोक तिर्खा र निद्रा समेत त्यागेर पढ्न थाल्नु भयो । दरवारिया जीवन शैली, षडयन्त्रहरु र राणाहरुको बारेमा थाहा पाउँदा आफूलाई धन्य मान्नु भएको थियो र उहाँ आजकल त्यस्ता आधुनिक लेखहरु खोजी खोजी पढ्न चाहनु हुन्छ किनकि यि लेख रचनाहरुले उहाँलाई मानसिक सन्तुष्टि र आनन्द दिन्छ र जुन कुरा मानव प्राणीलाई अत्यन्त आवश्यक छ ।

मानिस पशु भन्दा भिन्न र उत्कृष्ट प्राणी भनिन्छ किनकि उ खानु , पिउनु भन्दा माथिको र उच्च काम गर्छ त्यो हो अध्ययन । मानिस भएर जन्म लिएपछि मानिस भएर बाँच्नु अध्ययन गर्नु एक अत्यावश्यक कार्य हो । अध्ययन सफल जीवनको लागि सर्वोत्तम औषधी हो ।

अर्खवाङ-४, गुल्मी
हाल श्री नीलकण्ठ उच्च मा.वि.,बेत्रावती, रसुवा

पीडा

-सुरज लवट

पानी पानी भनेर रोइरहंदा पनि
कसैले पनि मेरो रुवाइलाई सुनिदिन पुगेन
छाती पिटि पिटि छडपटाइरहँदा पनि
हेर्ने मान्छे समेत यहाँ कोही भएन ।

पानीको साटो विष खुवाइदिए पनि प्यास त मेटिने थियो
हृदयमा लात हानिदिए पनि छटपटाइ त कम हुने थियो
छाती पिटि रोइरहेको बेला मुख थुनिदिएको भएपनि
मेरो विचल्ली त यहाँ हुने थिएन ।

यस्तै मात्र हुँदो रहेछ गरीब, दुःखीलाई पर्दा
किन ऊ एक्लै नहोस् विचल्लिएर मर्दा
एक थोपा आँशु झार्ने पनि यहाँ कोही हुँदैन
उसलाई साथ दिनु त धेरै दुरको बात थियो ।

कसलाई कसको मतलव रैछ मन स्वार्थ भएपछि
यहाँ यही लाश कसै धनीको भइदिए
संसारनै रुवाइमा गुञ्जिन पुग्थ्यो
आँखाबाट आँसु नआए पनि डाँको छोडी रुन्थ्यो ।

-बेत्रावती बजार, नुवाकोट

मेरो परिचय

-सवि श्रेष्ठ

म को हुँ , कहाँ छु
कसैलाई थाहा छैन ।
इतिहास पल्टाई हेर्छु
मेरो परिचय छैन।
धरतीलाई सोधें आकाशलाई सोधें,
भन्छन् मलाई केही थाहा छैन ।
भौंतारिन्छु टोलको गल्लीमा
कोही आफन्त छन् की भनेर
सोधी रहेछु हरेकसँग
के हो मेरो परिचय भनेर
जिन्दगी जिउनु छ जिइरहेछु
पीडाको सागरमा डुबिरहेछु
धत ! म त पागल पो रहेछु ।

उत्तरगया. प.ई.स्कूल
कक्षा १० बेत्रावती, नुवाकोट

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा (मुखपत्र) प्रकाशन गर्न
लागेकोमा सफलताको लागि हार्दिक मंगलमय

शुभ कामना ।

आधुनिक खापा, झ्याल, ढोका र अर्डर बमोजिमको फर्निचर सम्बन्धि
सम्पूर्ण कार्यको लागि हामीलाई सम्झनुहोस् ।
प्रो. मनोज लामिछाने
प्रो. भैरव खड्का
भैरव मनोज फर्निचर उद्योग
मनमैजु-२, शिवनगर, काठमाडौं
फोन नं. ४३६४१३४

ऐनामा आँखालाई नियाल्दा

-दीपेन श्रेष्ठ

ऐना अगाडि उभिएँ
आफ्ना आँखाहरुलाई फिजाएँ
ठिकै छ, म त, तै पनि खै
रसाए झैं लाग्यो, टोलाए झैं लाग्यो
आफैलाई आफ्ना आँखाहरु
परिवर्तन थिएन खासै जीवनमा
तर पनि किन किन प्रश्न भै अल्झिए
आफ्नै आँखाका नानीहरुलाई केलाएँ
केही धमिलो, केही अधुरो
तिमी अनि तिम्रा मायाहरुलाई पाएँ
तिमी टाढा क्षितिजमा, माया सँगाल्दै होली
केही भयो होला जस्तो लाग्यो मलाई
त्यसैले त आँखा रसायो मेरो
तर खै मेरो भ्रम पनि हुनसक्छ
न माया पोखियोकी मुटुबाट
आफै दंग परें
लाग्यो कस्तो नराम्रो सोचीरहेछु
आफैलाई आत्मग्लानी भयो
तिमी त मेरी नै हौ
भित्र हृदयदेखि सम्झिए. तिमीलाई
केही निराशाहरु एकाएक सेलाउन पुग्यो
रसाएका आँखाहरु त्यतिकै ओभाए
अनि तिम्रो मायाको आभाष गरें
अघि पहिले आँखा धमिलिएको थियो
तर एकाएक ऐना मैलिए झैं लाग्यो
सिसा न हो, जस्तो थियो उस्तै देखायो
उसलाई किन खोट देखाउनु
आफैलाई अचम्म लाग्यो
हिजो रसाउँदा मात्रै संसार डुबे जस्तो
देखाउने ऐनाहरु आज
आँशुका धाराहरु चुहाउँदा पनि,

किन आभाष गराउदैन
विछोडको वियोगको अनि अतितको
न तिमीमा दोष थियो, न ऐनामा
सायद मेरैमा केही खोट रहेछ, भुल रहेछ
तिमीलाई माया दिने कोसिस गरें
तिमीसँगै बाँच्ने तिमीसँगै मर्ने वाचा गरें

त्रिभुवन त्रिशुली उच्च मा.वि
त्रिशुली बजार, नुवाकोट

"बचत गरौं, आफ्नो भविष्य सुनिश्चित गरौं ।"

आफ्नो बचतमा उच्च व्याज प्राप्त गर्न र सरल तथा
सस्तो व्याज दरमा कर्जा प्राप्त गर्न आजै देखि
यस संस्थाको सदस्य बन्नुभई व्यापरिक
लाभ प्राप्त गर्नुहोस् ।

कूल बहादुर खड्गी
अध्यक्ष
मातृभूमी बहुउद्देशीय सहकारी संस्था लि.
बि.न.पा-१, त्रिशुली
फोन नं. ०१०-५६०७५६

बेचबिखनबाट पीडितहरुको उद्दार तथा पुन: एकीकरण

-शशि लामिछाने

बेचबिखन् गरिएका महिला तथा बालबालिकाको उद्दार गरी उनीहरुलाई उनीहरुकै परिवार तथा समुदायमा पुनर्स्थापना गराउनु नेपालका लागि ठूलो चुनौतीको विषय बनेको छ । हजारौं महिला तथा बालबालिका श्रम तथा यौन शोषण लागि बेचिने गरेका छन् । ती मध्ये कयौं एच.आई.भी. एड्सबाट प्रभावित भएका हुनसक्छन् भने कैयौं विभिन्न यौनरोगका शिकार भएका हुनसक्छन् ।केही गैर सरकारी संस्याहरुको प्रयासबाट विगत केही वर्षयता भारतका विभिन्न वेश्यालयहरुबाट केही महिला र बालिकाको उद्दार गरी पुनर्स्थापना तथा पुन: एकीकरणका निम्ति स्वदेश फर्काइएका छन् । यौन तथा श्रम शोषणका लागि हुने गरेको महिला तथा बालबालिका बेचबिखन सम्बन्धी गम्भीर समस्याको समाधानलाई सरकारले उच्च प्राथमिकता दिदै आएको छ ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले चेलीबेटी सम्बन्धी समस्यालाई एकीकृत तथा प्रभावकारी ढङ्गबाट समाधान गर्नका लागि १३ वटा मुख्य क्षेत्र सहितको राष्ट्रिय नीति अङ्गालेको छ । ती मध्ये केही प्रमुख क्षेत्र हुन- चेलीबेटी बेचबिखन विरुद्ध जनचेतना जागरण, आर्थीक सहयोग, भेदभावपूर्ण कानूनहरुको संशोधन, राजनीतिक दलहरुको प्रतिवद्धता प्राप्ति तथा विभिन्न संस्थाहरुबिच राम्रो सम्बन्ध विकास ।यौन शोषणका निम्ति महिला तथा बालबालिका बेचबिखन बिरुद्ध राष्ट्रिय कार्ययोजनामा सरकारले आठवटा कार्यक्षेत्र पहिचान गरेको छ । यसमा नीति निर्माण, अनुसन्धान तथा विकास गतिविधि सञ्चालन, अत्यावश्यक कानुनहरुको तर्जुमा तथा प्रभावकारी कार्यान्वयन जस्ता विभिन्न संस्थाहरुबीच सञ्जालको स्थापना, लक्षित समूहका लागि शिक्षा तथा रोजगारीको अवसर, उनीहरुको उद्दार गर्नुका साथै पुन: एकीकरण गराउनु पनि राष्ट्रिय कार्ययोजनाका महत्वपूर्ण पक्ष हुन् ।

चेलीबेटी बेचबिखनको समस्याबाट नेपालका निकै जिल्ला प्रभावित छन् । जस मध्ये नुवाकोट पनि एक मुख्य प्रभावित जिल्ला हो । बेचबिखनमा संलग्न भएकाहरुले आफ्ना गतिविधिका स्थान तथा वरिकामा परिवर्तन गर्दै आएका छन्, त्यसैले मुलुक तथा नागरिक समाजहरु पनि यस अपराधको सामना गर्नका लागि नयाँ नयाँ रणनीतिका साथ अग्रसर हुनुपरेको छ । देहव्यापारका निम्ति महिला तथा बालिकाको मात्र बेचबिखन हुने गरेको नभई नेपालका विभिन्न स्थानबाट शारिरिक श्रमका लागि केटाहरु समेत विभिन्न देशमा बेचबिखन गर्ने गरिएको बताइन्छ । अझ केटाहरुको शारिरीक श्रमका लागि विदेशमा बेचिने संस्था झन झन बृद्धि हुँदै गइरहेको छ । त्यसको प्रमुख कारण हो हाल देशमा भएको हत्या, हिंसा र आतंक ।

आज बेचबिखन सम्बन्धी यस समस्याबाट नेपाल मात्र अक्रान्त छैन, दक्षिण एसियाली मुलुकमा सीमापार मानव बेचबिखनको समस्या व्यापक छ । यस समस्यालाई ध्यानमा राखी सार्क सदस्य राष्ट्रहरुले देहव्यापारका लागि महिला तथा बालबालिकाको बेचबिखन सम्बन्धी अपराध विरुद्ध सार्क महासन्धी अनुमोदन गरी यस समस्याको समाधानप्रति प्रतिबद्धता व्यक्त गरेको छ । सम्बन्धित राष्ट्रहरुले उक्त महासन्धि अनुरुप राष्ट्रिय नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरेमा यस समस्याको समाधान गर्नमा सफलता हाँसिल गर्न सकिन्छ ।

बेत्रावती बजार, रसुवा
हाल युनिभर्सल एकाडमी, बसुन्धारा

काठमाडौं-त्रिशुली-वेत्रावती-धुन्चे-स्याफ्रुवेशी तथा
आंपरह सम्म आरामदायी यात्रा गर्नको लागि
काठमाडौं-त्रिशुली बस सेवा समिति द्वारा
सञ्चालित बसहरुलाई
सदा सम्भनुहोस् ।

काठमाडौं त्रिशुली वस सेवा समिती
फोन : ४३५६३४२ (कार्यालय)
: २०९२३७८ (नयाँ बसपार्क काउन्टर)
: ०१०-५६०९६३(त्रिशुली काउन्टर)

भरिएको खोक्रो शहर

-रञ्जना थापा

असंख्य पात्रहरुको भिड
विभिन्न नाटक मञ्चन
कोलाहल दृश्य
लाखौ अनुहारहरुको भाव
सबैका आ-आफ्नै साचाईहरु
कता कता पहिल्यै सुने जस्तो
सधै देखे जस्तो तर नटम्मिने
सदा परिवर्तनशील
अनि एउटा ठूलो पोखरी
जसमा केहि ठुला माछाहरुद्धारा
शाशन सञ्चालन गरे जस्तै
केहि डराए भै केहि हराए भै
जसरी भए पनि बस्नै पर्ने
हाम्रो शहर

श्री नीलकण्ठ उच्च मा.वि.
बोगटीटार रसुवा

यस वेत्रगंगा सोसाइटीले वेत्रगंगा मुखपत्र प्रकाशन गर्न
लागेकोमा सफलताको लागि हार्दिक मंगलमय
शुभ कामना ।
यहाँ ग्रिल, सटर, च्यानल गेट, गोल भऱ्याङ्ग आदि
सम्पूर्ण सामान बनाइन्छ ।
प्रो.श्यामलाल डंगोल
श्री कृष्ण मेटल वर्कशप
बेत्रावती, नुवाकोट

भुल्न सकिन

-सुजन डंगोल

सम्झेर तिमीलाई मैले कहाँ कहाँ पो खोजिन
कही कतै गए पनि तिमीलाई भुल्न सकिन
भोक र तिर्खा त लाग्दैन मलाई रातमा निद्रा पनि
तिम्रै याद आइरहन्छ मायालु भनी
कल्पना डुबिरहन्छु तिम्रै मायाको छहारीमा
कहीं कतैसँगै डुलिरहन्छु तिम्रै साथमा
सम्झेर तिमीलाई मैले .....

भेट्ने गर्छु म तिमीलाई जहाँ तही मात्र सपनीमा
सिरानी मात्र समात्न पुग्छु मात्र तिम्रो सम्झनामा
चाहेर पनि तिम्रो मायालाई आगाल्न सकिन
जस्तो सुकै भए पनि मेरो धड्कन तिमीलाई
भुल्न सकिन
सम्झेर .....

बेत्रावती बजार, नुवाकोट

H.M.G. Regd. 19831/758

Sagarmatha Ed. Institute (SEI)

Special for : Tuition, Coaching Classes, Pre-I.Sc.
Private\Regular S.L.C.

Head Office	Branch Office
Galkopakha, Thamel	Jawalakhel Chowk
Ph.No. 4-363102	Ph.No. 5-520684

Yam Pd. Tiwari
Director/Principal

वास्तविकता

-जीवराज निरौला

कंगाल विकास एक्कासी करोडपति बन्न पुग्छ । आफ्नै एउटा ठूलो महल छ । आठ दशजना नोकर-चाकरहरु भ्याईनभ्याई आ-आफ्नो काम समाप्त पार्ने धुनमा व्यस्त छन् । ऊ एउटा ठूलो व्यापारी हो । उसको व्यापारबाट दैनिक लाखौं आम्दानी भइरहेको हुन्छ । छोरा छोरीहरु विदेशमा पढ्न बसेका छन् । श्रीमती अस्मिता सँधै मधुर मुस्कान र कर्णप्रिय वाणी सहित आफ्नो पतिदेवलाई उनको काममा सघाइरहेकी छिन् । छोराछोरीहरु घर आउँदा भव्य स्वागत गरिन्छन् । देश-विदेशका व्यापारीहरुको उसँग व्यवहार हुन्छ । ऊ दिनदिनै धनाढ्य भइरहेको छ र विदेशतिर व्यापार बढाइरहेको छ । आफ्नो अतीतका दुःखहरुलाई स्मृतिपटमा समेत आउन नदिएर ऊ हदै सुखी जीवन विताइरहेको हुन्छ ।

उसलाई यो सुखी जीवनको रहस्य त्यसवेला थाहा हुन्छ जुनवेला विहानीपखको चीसो सिरेटोले उसलाई स्पर्श गर्दा जाडो खप्न नसकी आफ्नो छाप्रो मुनि झल्याँस्स ब्यूँझिन्छ । भर्खरै देखेको सपनालाई मनमनै धन्यवाद दिदै भरेको छाक कसरी टार्ने भन्ने चिन्ताले टोलाउन थाल्छ ।

रिस्कू-४, उदयपुर

Bhaba Bdr. Bhandari
K.B.Bhandari
Proprietor

द प्रिन्स होम
THE PRINCE HOME

पो.ब.नं. ९४८८, फोन नं. ४-३५२३९२, २०९११८२
मोवाईल : ९८५१०५२३१२
गोंगबु, काठमाडौं, नेपाल

हाम्रो सेवा/सुविधाहरु

एयरपोर्ट देखि गेष्ट हाउससम्म यातायातको सुविधा ।
गाडी बुकिङ तथा हवाई टिकटको सुविधा ।
एस.टि.डि., आई, एस.डि. टेलिफोन सेवा ।
चौविसै घण्टा चिसो तथा तातो पानी बाट स्नान गर्न सकिने ।
ताजा, स्वादिष्ट र स्वस्थ खानाको व्यवस्था ।
शान्त घरेलु वातावरणमा सुविधायुक्त बसाई ।
Email : bhandaritheprince@hotmail.com

मान्छे

-दीपक प्याकुरेल

आजको मान्छे भित्र भित्र खोत्रिएर
अस्थिपन्जर भई बाँचेको छ ।
मान्छे चिन्न सकिन्न यहाँ
सबैको चेहरामा भकुण्डो छ ॥
लुट गर्नेलाई छुट छ यहाँ
सत्यको कुनै स्थानै रहेन ।
सबै स्वार्थी र मतलबी भएपछि
आस्था र विश्वास ठ्याम्मै रहेन ॥
आधुनिकताको खाडल पुर्दापुर्दै
आफैं नाङ्गिएको थाह छैन ।
संस्कृति र रीतिरिवाज त परै जावस
मानवता नै बाँकी छैन ॥
नैतिकतालाई विचारै नगरी
अराजकताले छाउँन थाल्यो ।
जसले जे गरेपनि हुन्छ यहाँ
सबैको विवेक मर्न थाल्यो ॥
वायूलाई विसाक्त गरिरहेछन्
स्वास फेर्न कठिन भएको छ ।
सूर्यको रस्मि निभाइरहेछन्
निष्पट्ट अँध्यारो छाएको छ ॥

उत्तरगया प.इ.स्कूल
बेत्रावती, नुवाकोट

बेत्रगंगा सोसाइटीको पहिलो आजिवन सदस्य
श्री गोविन्द प्रसाद भट्टराई
(संक्षिप्त परिचय)

जन्म मिति :- २०१९ फाल्गुन २ गते मंगलबार

जन्म स्थान :- मनकामना गा.वि.स-९, अर्चले, नुवाकोट

बुवाको नाम :- भिम प्रसाद भट्टराई

आमाको नाम :- हरिप्रिया भट्टराई

सानै उमेर देखि दयालु स्वभावका समाजसेवी भट्टराई कुनै पनि राजनितिक पार्टीसंग आबद्ध हुनुहुन्न । जीवनका ४१औं बसन्त पार गरीसक्नु भएका भट्टराई अक्ष सम्म पनि समाज सेवा बाट थाक्नु भएको छैन । बेत्रगंगा सोसाइटीको हरेक क्रियाकलापमा उहाँको प्रत्यक्ष सहयोग र सहभागिता रहेको छ । उहाँ यस सोसाइटीको पहिलो आजीवन सदस्य हुनुहुन्छ ।

२०४४ सालमा लहरे पौवा गा.वि.स पैरेबेशीमा रसुवा डिस्टिलरीको स्थापना गरी व्यवसायिक जीवन शुरु गर्नु भएका भट्टराईले २०५१/५२ मा लहरेपौवा १ बोगटीटारमा रसुवा डिस्टिलरी एण्ड फ्रुटको स्थापना गर्नुभयो । प्रतिकुल समयका कारण उहाँको व्यवसायले थुप्रै समस्याहरु भेल्नु पर्‍यो र २०५७/५८ मा गोलढुङ्गा, काठमाडौंमा रसुवा फुड प्रडक्टको स्थापना गर्नुभयो । हाल उहाँ नेपालटार काठमाडौं स्थित भट्टराई फर्निचर उद्योगको सञ्चालकको रुपमा काम गर्दै हुनुहुन्छ ।

"समाजसेवा बाट मलाई आत्मासन्तुष्टि हुन्छ" एक भेटमा उहाँले हामीसंग भन्नु भयो । समाज सेवाको क्षेत्रमा उहाँ अग्रणी स्थानमा हुनुहुन्छ । नीलकण्ठ उच्च मा.वि.लाई व्यक्तिगत रुप बाट उहाँले सबै भन्दा बढी चन्दा दान गर्नु भएको थियो ।

अन्तमा : उहाँको व्यवसायिक जीवनको सफलताको लागि हार्दिक शुभ कामना ।

श्रेष्ठको 'मौनता' विमोचित

तुवाकोट, (नेस)

१७ वर्षीय किशोर दीपेन श्रेष्ठद्वारा लिखित एकल गीति संग्रह 'मौनता' को एक समारोहका बीच जिल्ला विकास समिति नुवाकोटका सभापति भनकबहादुर प्याकुरेलले हालै विमोचन गर्नुभयो ।

बेत्रगंगा सोसाइटीद्वारा प्रकाशित उक्त गीति संग्रहमा ५० वटा सदाबहार गीत रहेका छन् ।

त्रिभुवन त्रिशूली उच्च माध्यमिक विद्यालय त्रिशूलीमा कक्षा १२ मा अध्ययनरत किशोर दीपेनका गीतहरुलाई उनको जन्मस्थल बेत्रगंगा सोसाइटीले प्रकाशमा ल्याएको अध्यक्ष लक्ष्मण डंगोलले नेपाल समाचारपत्रलाई बताउनुभयो ।

बेत्रावतीमा बेत्रगंगा सोसाइटी

नुवाकोट । सामाजिक जनचेतना र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यले बेत्रावतीमा स्थापना भएको 'बेत्रगंगा सोसाइटी' नुवाकोट जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ ।

२०५२ सालमा दर्ता भई स्थानीय संस्था गोसाईकुण्ड युवा क्लबसँग मिली चल्ने सम्बन्धमा तीन पटकसम्म कुरा हुँदा पनि मिल्न नसकेपछि लक्ष्मण डंगोलको अध्यक्षतामा सात सदस्यीय संस्था गठन भएको कुरा सोसाइटीका सचिवले बताएका छन् । उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः सुरज लवट, सुवास आचार्य, ईश्वर थापा (मगर) र दीपेन्द्र श्रेष्ठ रहेका छन् । यसैगरी सदस्यहरुमा ... डंगोल, र सिजन श्रेष्ठ छन् ।

दिपेनको मौनता विमोचन

विदुर । दिपेन श्रेष्ठको मौनता गीत संग्रहको विमोचन शुक्रबार एक समारोहका बीच जिल्ला विकास समिति नुवाकोटका सभापति भनक प्याकुरेलले विदुरमा गर्नुभयो ।

बेत्रागंगा सोसाइटीका अध्यक्ष लक्ष्मण डंगोलको सभापतित्वमा भएको उक्त विमोचन कार्यक्रममा देवीघाट जलविद्युत केन्द्रका प्रमुख श्रीकृष्णप्रसाद यादव, निमित्त स्थानीय विकास अधिकारी कृष्ण पुडासैनी, लाङटाङ फाउन्डेसन सोसाइटीका अध्यक्ष शंकरदास डंगोललगायतले दिपेनको प्रयास सराहनीय रहेको बताउँदै आगामी दिनमा सफलता मिलोस् भन्ने शुभकामना दिनुभएको थियो ।



उक्त कार्यक्रममा गीतकार दिपेन श्रेष्ठले मौनता गीत संग्रहका ५० वटा गीतमध्ये तीनवटा गीत गाएका थिए । उनको सोही संग्रहमा प्रकाशित 'बादलसँगै उड्छु' भन्ने गीत सुरेश शाहीले अनुप्रस्थ भन्ने एल्बममा रेकर्ड गराएका छन् ।

उनले यस गीत संग्रहमा वर्तमानमा भैरहेको हत्या, हिंसाको अन्त्यको लागि पुकार पनि गरेका छन् ।

तारे चुँड्यो सारंगीको रोयो विनायो
देशै डुब्यो संहारमा रगत बगायो ।

त्यसै गरी अधिकांश गीतहरूमा मायाप्रेम र मिलन विछोडका सुस्केराहरू पनि रहेका छन् ।

........र अन्त्यमा

-लक्ष्मण डंगोल

आज विश्व विज्ञान र बुद्धिको तीव्र विकास संगै आतंकवादी भुमरीमा फसेको । एकातिर दिनप्रतिदिन संसारमा नयाँ-नयाँ आविस्कार, खोज, अनसन्धानको सफलतम् प्रयोग भइरहेका छन् भने अर्कोतिर युद्ध र अशान्तिका खवरहरु पनि आइरहेका छन् । सोको विश्लेषण गर्दा आजको हाम्रो जस्तो विकासोन्मुख देश पनि नराम्रोसंग आर्थिक संकटमा जर्जर भएको छ । यहाँ शान्तिका लागि युद्ध लड्दैछ, यहाँ हकका लागि युद्ध लड्दैछ । यहाँ समाजको लागि पनि युद्ध लडिदै छ । शान्तिका लागि विकास निर्माण लगाएत सम्पूर्ण वजेट कटाई सुरक्षा बढाउने काम भएको छ । देशमा कुशासन, भ्रष्टाचार, अशिक्षा, बेरोजगारी, महङ्गी, विकृति र विसंगतिले चरम सिमा नाघेको अवस्था छ । यस्तो विषय परिस्थितिमा पनि सरकार र स्वयम यसका नेताहरु भने सरकार परिवर्तनको आफ्नै पुरानो संस्कृतिमा दिनरात लागि परेका छन् । यसको मारमा सर्वसाधारण र विद्यार्थी भने मानसिक र शारीरीक क्षति पनि व्यहोर्नु परेको छ । यस्तो विग्रदो अवस्थाले दिन प्रतिदिन व्यापार व्यवसाय, कलकारखाना, विद्यालय, क्याम्पस र विभिन्न संघसंस्थाहरु बद्दो हुने अन्तिम अवस्थामा पुगेको छ । यसले निश्चय नै देशलाई दुरगामी असर पर्ने निश्चित भइसकेको छ । यसरी दिनप्रति दिन विग्रदो अवस्थाले गर्दा स्कुले केटाकेटी देखि वृद्धा सम्म अन्यौलको वातावरण सृजना छाएको छ । सोको प्रभावले गर्दा भावी पुस्तालाई सम्म दख्खल पुग्ने अवस्था सृजना भइसकेको छ । यस्तो अवस्थामा पनि हामी जस्ता अध्ययनशील पेशामा लागेका युवा जमात आज नवप्रतिभा प्रस्फुटन गर्ने एक मात्र अध्ययन साहित्यलाई अंगाल्न पुगेका छौ । यस साहित्यका माध्यमद्धारा आफ्ना विचार, साहित्यमार्फत व्यक्त गर्दा त्यति शार्न्दभिक नहोला वस्तुत समाजलाई अग्रस्थानमा उकास्नको निमित्त यसले ठूलो योगदान हुने कुरामा हामी विश्वश्त छौं । आजको समाज भनेको २१औं शाताव्दीको समाज हो यसलाई हामी युवाहरुले नै परिमार्जित गर्दै लैजानु पर्दछ । सो कुराको गहन विश्लेषण गर्दै आज हाम्रो यस वेत्रगंगा सोसाइटीले मुखपत्र "बेत्रगंगा" तपाई समक्ष प्रस्तुत गर्ने जमर्को गरेका छौं । यस्तो विषय परिस्थितिमा गुज्रिएको हाम्रो समाजको संस्कृति, कला र साहित्यको उत्थानको निमित्त हामी एक साथ कालकोठरीमा उभिएर तपाईको प्रिय पात्र साहित्य मार्फत बन्ने प्रण गर्दछौं ।

अत : पानी विनाको माछाको छटपटाहट जस्तै युवा विनाको समाज र समाज विनाको देश विकास विभुती बन्ने हामीलाई साथ दिन चाहनु हुन्छ भने आजै देखि देश विकाशको निम्ति तम्तयार भएर भएर उठौं, जागौं र आफ्नो समाजलाई कुरीति, कुसंस्कृति बाट जोगाउनको निम्ति यस वेत्रगंगा सोसाइटीमा लागि पर्नु भएका सम्पूर्ण साथीहरुलाई आफ्नो उच्च मनोकांक्षा पुराहोस् भन्ने शुभकामना व्यक्त गर्दै पत्रिका प्रकाशनमा विज्ञापन, लेख, रचना, सल्लाह सुझाव दिई सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई ह्दय देखि नै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

गर्खु-९, बेत्रावती, नुवाकोट
हाल विश्वभाषा क्याम्पस

बेत्रगंगा सोसाईटी,

बेत्रावती नुवाकोटको विधान २०६०

त्रिशुली, बेत्रगंगा र रुद्रगंगाको संगमस्थल नुवाकोट जिल्ला र रसुवा जिल्लाको सिमानामा अवस्थित पवित्र बेत्रावती बजारमा रहेका समाजसेवीहरुको भावनालाई एकत्रित गरी धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण गर्नको साथै युवा जनशक्तिलाई परिचालनबाट स्वच्छ समाजको निर्माण गर्न एक संस्थाको आवश्यकता महशुस गरी यस "बेत्रगंगा सोसाईटी" को विधान तयार गरिएको छ।

परिच्छेद १, प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यस संस्थाको नाम "बेत्रगंगा सोसाईटी" र अंग्रेजीमा "BETRAGANGA SOCIETY" हुनेछ।

ख) यो विधान जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा दर्ता भएकै मिति देखि लागु हुनेछ।

ग) सोसाईटी अविछिन्न उत्तराधिकारवाला स्वसासित संस्था हुनेछ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "सोसाईटी" भन्नाले यो विधान बमोजिम स्थापित बेत्रगंगा सोसाईटीलाई जनाउनेछ।

ख) "साधारण सभा" भन्नाले सोसाईटीको विधान स्वीकार गरी सदस्यता प्राप्त व्यक्तिहरुको वार्षिक भेलालाई जनाउने छ।

ग) "समिति" भन्नाले यस सोसाईटीको दैनिक कार्य संचालनार्थ विधिवत गठित कार्य समितिलाई जनाउने छ।

घ) "उपसमिति"भन्नाले सोसाईटीले विभिन्न कार्यक्रम गर्न गठित उप-समितिहरुलाई जनाउने छ।

३) सोसाईटीको कार्यालय :

सोसाईटीको कार्यालय नुवाकोट जिल्ला गोर्खु गा.वि.स.,वडा नं.९, बेत्रावती बजारमा रहने छ।

परिच्छेद २, उद्देश्य

४) सोसाईटीको उद्देश्यहरु :

क) लागु पदार्थ दुर्व्यसन जस्ता सामाजिक कुरीतिहरुको निराकरण गर्न प्रयत्नशील रहने।

ख) वातावरण सन्तुलनको लागि समय समयमा वृक्षारोपण कार्यक्रम संचालन गर्दै स्थानिय बन जंगल संरक्षण गर्न सहयोग पुऱ्याउने।

ग) खेलकुद, साहित्य र संस्कृतिको विकास गर्ने र गराउन प्रयत्नशील रहने।

घ) भविष्यका कर्णधार मानिने बालबालिकाहरुलाई नैतिकवान बनाउन प्रोत्साहित गर्ने।

ङ) चाडपर्व (स्थानीय) जात्रा, ऐतिहासिक मठ मन्दिरको संरक्षण तथा कला संस्कृतिको जगेर्ना गर्ने।

च) दैवी तथा प्राकृतिक प्रकोप जस्ता विषम परिस्थितिमा उचित सहयोग पुऱ्याउने।

छ) अन्य संघसंस्थाहरुसंग भाइचारको सम्बन्ध कायम गर्ने।

परिच्छेद ३, सदस्यता

५) सदस्यताको योग्यता :

क) नेपाली नागरिक हनुपर्ने।

ख) १६ बर्ष पूरा भएको हनुपर्ने।

ग) फौजदारी अभियोग लागेको हुनु नहुने।

६) सदस्ताको प्रकार :

क) साधारण सदस्य

सोसाईटीद्वारा प्रदान गरिएको सदस्यता प्राप्त व्यक्ति यस सोसाईटीको साधारण सदस्य हुनेछ।

ख) मानार्थ सदस्य

समाज सेवामा क्रियाशील रहेका तर संस्थाको विधिवत सदस्यता प्राप्त नगरेका व्यक्तिलाई संस्थाले मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ। मानार्थ सदस्यले संस्थाको निर्वाचनमा भाग लिन पाउन छैन।

ग) आजिवन सदस्य

समाज सेवामा इच्छुक व्यक्तिले संस्थामा रु.३,०००/- तिरि आजिवन सदस्यता प्राप्त गर्न सक्नेछ। आजिवन सदस्यले वार्षिक नविकरण गरीरहन पर्ने छैन तर संस्थाको निर्वाचनमा भाग लिन पाउने छ।

७) सदस्यता शुल्क र सदस्यता

क) यो विधान स्विकार गरी सोसाईटीको सदस्यता लिन चाहने नेपालीले नागरिकले रु.१००/-तिरि सदस्यता प्राप्त गर्न सक्ने छ।

ख) साधारण सदस्यता प्रत्येक वर्ष रु.२०(बीस)तिरि नविकरणगराउनु पर्नेछ

ग) साधारण सदस्यता परिच्छेद-३ को नियम-५ अनुसारको योग्यता भएको व्यक्तिलाई मात्र प्रदान गरिने छ।

८) सदस्यको अयोग्यता

क) परिच्छेद-३ को नियम ५ विरुद्धको व्यक्ति,

ख) साधारण सदस्यको हकमा निर्धारित अवधि भित्र नविकरण नगर्ने सदस्यलाई, पनि अयोग्य ठानिने छ।

परिच्छेद-४ साधारण सभा तथा कार्य समिति

९) साधारण सभा :
सोसाईटीबाट वितरित सदस्यता प्राप्त व्यक्तिहरुको समुहबाट नै सोसाईटीको साधारण सभाको भेला सम्पन्न हुनेछ ।

१०) साधारण सभाको भेला :
प्रत्येक १/१ वर्षमा सोसाईटीको साधारण सभाको भेला हुनेछ ।

११) साधारण सभाको अधिवेशन :
प्रत्येक ३/३ वर्षमा साधारण सभाको अधिवेशन सम्पन हुनेछ ।

१२) साधारण सभाको काम कर्तव्य र अधिकार :
क) वार्षिक भेलाबाट आगामि वर्षको लागि आवश्यक योजना तर्जुमा गर्नु
ख) विगत वर्षको प्रगति विवरण अनुमोदन गर्नु ।
ग) प्रत्येक ३/३ वर्षमा एक निर्वाचन मण्डल गठन गरि सोसाईटीको कार्य समितिको पदाधिकारीहरुको निर्वाचन गरी कार्य समितिको गठन गर्नु ।
घ) कार्य समितिका कुनैपनि सदस्यहरुको कार्य संकास्पद छ भन्ने लागेमा साधारण सभाको एक चौथाई सदस्यहरु द्वारा प्रस्तुत अविश्वासको प्रस्तावलाई दुई तिहाई सदस्यहरुबाट स्विकृति भएमा सो सदस्य आफ्नो पदबाट मुक्त हुनेछ । तर यस्ता सदस्यलाई सुनुवाईको मौकाबाट भने बन्चित गरिने छैन ।
ङ) कार्य समितिको नव निर्वाचित अध्यक्षलाई पदको सपथ ग्रहण गराउनु ।

१३) कार्य समितिको गठन :
सोसाईटीको दैनिक कार्य संचालनार्थ एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक सह-सचिव, एक कोषाध्यक्ष र २ सदस्यहरु गरि जम्मा ७ जना निर्वाचनको माध्यमबाट र ४ जना सदस्य कार्य समितिको मनोनयनबाट गरी जम्मा ११ जनाको कार्यसमिति गठन हुनेछ ।

१४) कार्य समितिको बैठक :
विशेष परिस्थितिमा बाहेक प्रत्येक महिनामा एक पटक कार्य समितिको बैठक बस्नेछ ।

१५) कार्य समितिको काम, कर्तव्य र अधिकार :
क) सोसाईटीको दैनिक कार्य संचालन गर्ने ।
ख) वार्षिक साधारण भेला समक्ष वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु ।
ग) साधारण सभाद्वारा पारित कार्यक्रमहरुलाई कार्यान्वयन गर्नु ।
घ) आफू मातहत आवश्यक विभिन्न उपसमितिहरुको गठन गर्नु, ति समितिहरुको निरिक्षण गर्दै प्रतिवेदन प्राप्त गर्नु ।

परिच्छेद-५

१६) पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार :
क) अध्यक्ष :
अ) समितिको बैठकको अध्यक्षता गर्नु ।
आ) वार्षिक साधारण भेला र अधिवेशनको अध्यक्षता गर्नु ।
इ) विशेष परिस्थितिमा सचिवलाई बैठक बोलाउनु आदेश गर्नु ।
ई) बैठकमा मत बराबर भएमा निर्णायक मत दिनु ।
उ) समितिका अन्य पदाधिकारीहरुलाई सपथ ग्रहण गराउनु ।
ख) उपाध्यक्ष :
अ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण काम गर्नु ।
ग) सचिव :
अ) अध्यक्षको आदेशानुसार बैठक बोलाउनु ।
आ) चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरि समितिमा पेश गर्नुका साथै समितिको अनुमोदन पछि वार्षिक भेला तथा अधिवेशनमा सो प्रतिवेदन प्रस्तुत गर्नु ।
घ) सह-सचिव :
अ) सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण काम गर्नु र अध्यक्षको आदेशानुसार अन्य कार्य गर्नु ॥
ङ) कोषाध्यक्ष :
अ) सोसाइटीको आयव्यय दुरुस्त राख्नु ।
आ) चौमासिक आर्थिक प्रतिवेदन तयार गरि स्विकृतिका लागि समितिमा पेश गर्नु ।
इ) वार्षिक आर्थिक प्रतिवेदन तयार गरि साधारण भेला समक्ष आय व्यय प्रस्तुत गर्नु ।
ई) वार्षिक लेखा परीक्षण गराउनु ।
च) राजिनामा र स्विकृति:
कार्य समितिको अध्यक्ष बाहेकका पदाधिकारी तथा सदस्यहरुले राजिनामा गर्न चाहेमा अध्यक्ष सामु राजिनामा पेश गर्नु पर्नेछ र अध्यक्षले राजिनामा स्विकृत गर्न सक्नेछ तथा अध्यक्षले राजिनामा गर्नुपरेमा कार्य समितिको बैठकमा राजिनामा पेश गर्नु पर्नेछ । कार्य समितिको बैठकमा राजिनामा पेश गर्नु पर्नेछ । कार्य समितिको बैठकले राजिनामा स्विकृत गर्न सक्नेछ ।

परिच्छेद-६, आर्थिक व्यवस्था

१७) आर्थिक श्रोत :
क) सदस्यता शुल्क बाट प्राप्त रकम,
ख) सदस्यता नविकरण शुल्क बाट प्राप्त रकम,
ग) विभिन्न चाडपर्वमा संकलन गरिएको रकम,
घ) विभिन्न संघ संस्था बाट प्राप्त सहयोग र अनुदान,
ङ) कुनै व्यक्ति विशेष बाट प्राप्त सहयोग, जिन्सी र नगद रकमहरु

१८) कोष :

क) सोसाईटी अन्तर्गत अध्यक्ष र कोषाध्यक्षको संयुक्त नाम खोलिएको बैंक खातामा संचित रकम नै यस सोसाईटीको कोष हुनेछ ।

१९) लेखा परिक्षण :

क) सोसाईटीले आफ्नो आय व्यय सुव्यवस्थित गर्न श्री ५ को सरकार बाट मान्यता प्राप्त लेखा परिक्षक द्धारा यस सोसाईटीको आय व्ययको वार्षिक लेखा परिक्षण गराउने छ ।

परिच्छेद-७, विविध

२०) निर्वाचन संबन्धि व्यवस्था :

क) सोसाईटीको सम्पूर्ण साधारण सदस्य तथा आजीवन सदस्य यसको उमेदवार तथा मतदाता हुनेछ ।

ख) सोसाईटीको आफ्नो कार्य समितिको निर्वाचनको लागि कार्य समिति द्धारा एक निर्वाचन मण्डल गठन गर्नेछ । सो निर्वाचन मण्डल बाट प्रत्यक्ष मतदान द्धारा नयाँ कार्य समितिको निर्वाचन सम्पन्न गर्नेछ ।

ग) कुनै पदाधिकारी निर्विरोध निर्वाचित भएमा सो पदका लागि निर्वाचन गर्नुपर्ने छैन

२१) पद रिक्त हुने :

क) कार्य समितिको पदावधि निम्न अवस्थामा खारेज हुनेछ ।

१) लिखित राजिनामा दिएमा ।

२) साधारण सभाको २/३ बहुमतले अविश्वासको प्रस्ताव पास गरेमा ।

३) कार्य समितिको बैठकमा विना सूचना लागातार ३ पटक सम्मअनुपस्थिती भएमा तर निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४) संस्थाको सदस्य नरहेमा ।

५) मृत्यु भएमा ।

६) संस्थाको हित विपरित कार्य गरेमा ।

ख) कुनै पदाधिकारीको मृत्यु भएमा, राजिनामा स्विकृति भएमा निज उपर अविश्वासको प्रस्ताव पास भएमा र विधान विपरित कार्य गरी कार्य समितिको निर्णयले हटाएमा, पद रिक्त रहेको मानिने छ ।

२२) रिक्त पद पदपूर्ति :

क) आफ्नो पदावधि पूरा नहुँदै कारणवश कुनै पद खाली हुन गएमा कार्य समितिको निर्णय द्धारा सो पद साधारण सदस्य मध्य बाट बाँकी अवधीको लागि मनोनित गरीनेछ ।

२३) उम्मेदवार हुन अयोग्यता :

क) साधारण सदस्यता प्राप्त नगरेको व्यक्ति,

ख) सदस्यता अवधि एक वर्ष नपुगेको व्यक्ति,

ग) परिच्छेद-३, को नियम ८ अनुसार व्यक्ति ।

२४) अविश्वासको प्रस्ताव :

❖ साधारण सभाको एक चौथाई सदस्यहरुले कुनै पदाधिकारी माथि उचित कारण देखाई दुई तिहाई अविश्वासको प्रस्ताव प्रस्तुत गर्न सक्ने छन् । यदि सो प्रस्ताव सभाको दुई सदस्यहरु बाट अनुमोदन भएमा सो प्रस्ताव स्विकृत भएको मानिने छ ।

२५) विधान संसोधन :

❖ सभाको दुई तिहाई बहुमत बाट संसोधन गर्न सकिने छ । संशोधित विधान स्थानिय अधिकारीको स्वीकृति पश्चात लागू हुनेछ ।

२६) नियम बनाउने :

❖ सोसाइटीको आफ्नो उपसमितिहरु गठन गर्न तथा विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि साधारण सभाको सर्वसम्मत निर्णय बाट आवश्यक नियमहरु बनाउन सक्ने छ ।

२७)

❖ प्रचलित ऐन कानून संग विधानका कुनै कुराहरु बाझिन गएमा बाझिएको हदसम्म स्वत: निस्कृय हुनेछ ।

२८) सपथ :

❖ म/हामी यहाँ उपस्थित सबै समक्ष यो सपथ लिन्छु/लिन्छौं कि यो विधानको मातहतमा रहि कसैको नाजायज प्रभाव र प्रलोभनमा नपरि सोसाइटीको उद्देश्य हासिल गर्न तर्फ आफूलाई सुम्पिएको दायित्व आफ्नो क्षमताले भ्याए सम्म लगनशिल एवं कर्तव्यनिष्ठ भई पूरा गर्नेछु/गर्नेछौं ।

२९) झण्डा :

❖ ३"/४"को निलो पृष्ठ भूमिमा मन्दिरको छानामुनि हात मिलाई राखेको चिन्ह माथि "बेत्रगंगा सोसाईटी" बेत्रावती नुवाकोट २०६० अंकित हुनेछ ।

३०) छाप

❖ मन्दिरको छानालाई एक तिहाई गोलोले ढाकी, गोलाई भित्र बेत्रगंगा सोसाईटी लेखिएको साथै मुनी २०६०, हात मिलाई राखेको चिन्ह र बेत्रावती, नुवाकोट लेखिएको हुनेछ ।

३१) संस्था खारेजी र बचाउ

क) हालको कार्य समिति तदर्थ समिति मानिने छ ।

ख) प्रत्येक पदको निर्वाचन प्रत्यक्ष मतदान प्रणाली द्धारा विधान पारित भएको सामान्यता एक वर्ष भित्र हुनेछ ।

ग) कुनै कारणवश संस्था विगठन भएमा संस्थामा भएका सम्पूर्ण चल अचल सम्पत्ति श्री ५ को सरकारको स्वामित्वमा रहनेछ ।

वेत्रगंगा सोसाइटीका साधारण सदस्यहरु

१) पूर्ण लाल डंगोल वेत्रावती, नुवाकोट
२) सविन श्रेष्ठ वेत्रावती, रसुवा
३) आशिक डंगोल वेत्रावती, रसुवा
४) सुजन डंगोल वेत्रावती, नुवाकोट
५) मिलन डंगोल वेत्रावती, नुवाकोट
६) सुजन लवट वेत्रावती, नुवाकोट
७) गकुल डंगोल वेत्रावती, नुवाकोट
८) रमेश कु.श्रेष्ठ वेत्रावती, नुवाकोट
९) पूर्ण ब. डंगोल वेत्रावती, नुवाकोट
१०) सुजन डंगोल वेत्रावती, नुवाकोट
११) संजिव डंगोल वेत्रावती, नुवाकोट
१२) संजोग डंगोल वेत्रावती, नुवाकोट
१३) राजकुमार डंगोल वेत्रावती, नुवाकोट
१४) सन्तोष डंगोल वेत्रावती, नुवाकोट
१५) सुरोज डंगोल वेत्रावती, नुवाकोट
१६) गणेश श्रेष्ठ वेत्रावती, रसुवा
१७) शशि लामिछाने वेत्रावती, रसुवा
१८) नविन अधिकारी वेत्रावती, रसुवा
१९) दिपक कु.प्याकुरेल वेत्रावती, नुवाकोट
२०) देवेश कु शाह वेत्रावती, नुवाकोट
२१) रामकुमार लामिछाने वेत्रावती, नुवाकोट
२२) दिपेश थापा दुङ्गे, नुवाकोट
२३) राजु शर्मा घिमिरे वेत्रावती, रसुवा
२४) नमराज लामिछाने वेत्रावती, रसुवा
२५) श्रीकृष्ण न्यौपाने वेत्रावती, नुवाकोट
२६) सुदर्शन अधिकारी तुप्चे, नुवाकोट
२७) अच्युत दहाल सातविसे, नुवाकोट
२८) उदयराम घिमिरे लहरेपौवा, रसुवा
२९) प्रेम ब. गुरुङ दुधपोखरी, लम्जुङ
३०) देवराज सापकोटा दमक, झापा
३१) केशव राज अर्याल भमरा, नुवाकोट
३२) केशव फुयाँल ओखरपौवा, नुवाकोट
३३) मुकुन्द रिमाल नुवाकोट
३४) जयन्ती ओझा कल्याणपुर,नुवाकोट
३५) प्रदिप राज आचार्य काउले, नुवाकोट
३६) राम अर्याल नुवाकोट
३७) रामकृष्ण न्यौपाने लहरेपौवा, रसुवा
३८) दिवाकर रिसाल बालाजु, काठमाडौं
३९) शिवराम खड्का वेत्रावती, रसुवा
४०) सुरज आचार्य वेत्रावती, रसुवा
४१) संजिब योञ्जन डल्लु, काठमाडौं
४२) बिनोद शर्मा घिमिरे वेत्रावती, रसुवा
४३) प्रकाश गुबाजु वेत्रावती, रसुवा
४४) रमेश श्रेष्ठ वेत्रावती, नुवाकोट
४५) बुद्धिलाल लवट वेत्रावती, नुवाकोट
४६) राजन हमाल आइङ्चोक, धादिङ

वेत्रगंगा सोसाईटी
वेत्रावती बजार
नुवाकोट

संस्थापक तथा बर्तमान् पदाधिकारीहरु

लक्ष्मण डंगोल
अध्यक्ष

सुरज लवट
उपाध्यक्ष

सुवास आचार्य
सचिव

दिपेन्द्र श्रेष्ठ
कोषाध्यक्ष

ईश्वर थापा मगर
सह-सचिव

सिजन श्रेष्ठ
सदस्य

ज्ञानकाजी डंगोल
सदस्य

Regd. No. 291/056/057

LANGTANG FOUNDATION SOCIETY
Uttargaya, Nepal

Our Objectives :

1. To help orphans and helpless children .
2. To upgrade the standard of depressed community.
3. To try to provide equal educational opportunity.
4. To provide social services to the local community, e.g.school building, drinking pure water etc.
5. To offer income generated programme to the people having low economic status.
6. To provide material and educational aids to schools.
7. To try to save the natural environment.



Address :

LANGTANG FOUNDATION SOCIETY
Uttargaya
(Branch Office)
c/o Mr. Shankar Das Dangol
Tel : 010-560611
Gerkhu-4, Betrawati, Nuwakot
Nepal

LANGTANG FOUNDATION
Japan
c/o Mr. Masayoshi Nishimura
101-40,Ainonai, Kitami-Shi
T 099-08 Hokkaido, Japan